नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

● वर्ष २ ● अंक २७८ ● २०८१ साल भाद्र १० गते सोमबार ● Monday 26, August 2024 ● सूर्योदयः बिहान ५:४२ बजे ● सूर्यास्तः साँझ ६:३१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## जनप्रतिनिधि मृत फेला

**मधेशदृष्टि**
**महोत्तरी ।**
बर्दिबास र औरही नगरपालिकाको सिमानामा एक जनप्रतिनिधि मृत फेला परेका छन् । रामगोपालपुर नगरपालिका वडा नम्बर २ का वडाअध्यक्ष मुकेश यादव मृत भेटिएको प्रहरीले जनाएको छ ।
शनिबार बेलुका घरबाट निस्किएका अध्यक्ष यादवको मृत्युको कारण खुल्न सकेको छैन । प्रहरीको अनुसार मृतकको नाकवाट रगत बगेको, तिघ्रामा चोटपटक र केही निलडामसमेत देखिएको छ । घटनास्थलबाट प्रहरीले मुचुल्का उठाएको छ । घटनाको थप रहस्य पोष्टमार्टमपछि मात्र यकिन गर्न सकिने जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## ‘नेतृत्वलाई नसोधी मन्त्री भर्ती हुन्छ ?’



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका प्रथम मुख्यमन्त्री लालबाबु राउतले पार्टी नेतृत्वलाई सल्लाह नगरी स्वास फेर्नसमेत गाह्रो हुने भन्दै मुख्यमन्त्री सतिश कुमार सिंहलाई कटाक्ष गरेका छन् । मधेशदृष्टिसँगको कुराकानीमा राउतले भनेका छन्, ‘जनमत सरकारलाई हेर्नुस् त, २०–२० मन्त्री बनाएर जग हसाउने काम भएको छ ।’ उनले चौतर्फी आलोचना भएपछि जनमत अध्यक्ष सीके राउतले स्पष्टिकरण सोधेर मजाक बनाएको भन्दै कटाक्ष गरेका हुन् ।
उनले भने, ‘सीके राउतसँग कुराकानी नगरिकन केही हुन्छ र, यहाँ त पार्टी नेतृत्वको सल्लाह बिनास्वासफेर्नपनिसमस्याहुन्छ ।’ यस्तै, उनले मन्त्री हुनु कुनै नौलो र ठूलो कुरा नभएको भन्दै पार्टी छाडेर गएका प्रदीप यादवहरुलाई व्यंग्य गरेका छन् ।
उनले भनेका छन्, ‘जनकपुरमा हेर्नुस् न, बिमलेन्द्र निधिजीलाई हेर्नुस्, रघुवीर महासेठलाई हेर्नुस्, उहाँहरुले आफ्नो क्षेत्रमा ७००–८०० करोड रुपैयाँको बजेट ल्याउनु भएको छ । राम्रो काम गर्नु भएको छ ।’ उनले थपे, ‘पर्सामा मलाई देखाइदिनुस् त कुन मन्त्रीले १० करोड रुपैयाँ बजेट ल्याएर विकास गर्नु भएको छ ? छ, कसैको हैसियत १०–२० करोड बजेट ल्याएर काम गरेर देखाउने ?’ अहिले पर्साबाट मात्रै ३ जना मन्त्रीहरु छन् । तीमध्ये जसपा नेपाल विभाजन गरेर मन्त्री भएका जसपा नेता प्रदीप यादवप्रति राउतको कटाक्ष अलि बढी थियो । जसपा नेपाल, पार्टी विभाजन, प्रदेश सरकारसहित विविध विषयमा राउतले मधेशदृष्टिसँग गरेको ***कुराकानी पृष्ठ ७ मा पढ्नुहोस् ।***

## शव परीक्षणपछि परिवारलाई बुझाइयो



**मधेशदृष्टि**
**रामेछाप ।**
रामेछापको दोरम्बा शैलुङ गाउँपालिका वडा नम्बर ३ मा शनिबार राति गएको पहिरोमा परी मृत्यु भएका छ जनाको शव घटनास्थमै परीक्षण गरी परिवारलाई बुझाइएको छ ।
जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कौशल न्यौपानेका अनुसार घाइतेलाई उपचारका लागि काठमाडौँ पठाइएको छ भने मृतकको शव परीक्षण गरी आफन्तलाई जिम्मा लगाइएको हो । हराइरहेका अन्य चारजनाको खोजी जारी रहेको सूचना अधिकारी न्यौपानेले जानकारी दिए । पहिरो एक किलोमिटर लामो भएकाले खोजतलासमा समस्या भइरहेको उनले बताए । पहिरोमा परी ३० वर्षीया चण्डिका श्रेष्ठ, उनका १८ महिने छोरा आयुष, सोही वडाका ५७ वर्षीया उर्मिला पहरी, ३० वर्षीया सन्दीप पहरी, ११ वर्षीय सन्तोष पहरी र १४ वर्षीय विज्ञान पहरीको ज्यान गएको हो । अविरल वर्षाका कारण खसेको पहिरोले तीनवटा घर बगाएको र एउटा घर पुरिएको छ । पहिरोले वडा नम्बर २ र ३ को सिमानामा रहेको अँधेरी खोलाको पक्की पुल पनि बगाएको छ ।

## २५१ केन्द्रीय सदस्यलाई शपथ

**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीको केन्द्रीय कमिटी बैठकमा दुई सय ५१ केन्द्रीय सदस्यको शपथ ग्रहण गराइएको छ । बैठकमा पार्टी अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले मनोनीत ती सदस्यलाई शपथ गराएका हुन् ।
मङ्गलबारसम्म बस्ने बैठकमा पदाधिकारीको टुङ्गो लगाउन पूर्ण बैठक बसेको हो । पार्टीमा वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, उपमहासचिव, कोषाध्यक्षसहित १८ पदाधिकारीलाई पूर्णता दिन लागिएको हो । पार्टीमा तीन सय ४४ सदस्यीय केन्द्रीय सदस्य छन् । पोलिटब्यूरो कमिटी र स्थायी समितिसमेत निर्माण गर्ने बैठकले केही नेताहरुको जिम्मेवारी हेरफेर गर्ने केन्द्रीय सदस्य सोमप्रसाद पाण्डेयले जानकारी दिए । केन्द्रीय संरचनाहरुको निर्माण र विविध विषयमा छलफल गरिने छ । पदाधिकारीका आकांक्षी धेरै भएपछि सातै प्रदेशबाट भूगोल, क्षेत्र तथा सन्तुलन मिलाएर केन्द्रीय कमिटीको पूर्ण बैठकले पदाधिकारी चयन गर्न मापदण्ड बनाउन लागिएको छ । बैठकले क्लष्टरका आधारमा केन्द्रीय कमिटीमा नेतालाई व्यवस्थापन गर्ने विषयमा छलफल गर्नेछ । पार्टीले युवा, दलित, जनजाति, अल्पसङ्ख्यक, पिछडिएका वर्गलाई पदाधिकारीमा समेट्ने जनाएको छ । केन्द्रीय कमिटीमा अहिले अध्यक्ष, सम्मानित नेता र महासचिव गरी तीन पदाधिकारी छन् ।

## जनताका मुद्दामा सडक संघर्ष गर्छौं: यादव

**मधेशदृष्टि**
**काठमाडौं ।**
जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले जनताका मुद्दा र सवाललाई लिएर सडक संघर्ष गर्ने घोषणा गरेका छन् । आइतबार काठमाडौंमा जनतासँग जसपा, नेपाल अभियन्ता अभिमुखीकरणको उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् । उनले जनतालाई सचेत र संगठित गर्न आफूहरुले चारमहिने अभियान चलाएको बताए । अध्यक्ष यादवले यो अभियानपछि संगठनलाई सुदृढ गर्ने र तेस्रो चरणमा जनताका मुद्दा लिएर र जनताका सवाललाई लिएर हामी सडक संघर्षमा उत्रिने बताए । उनले मुलुकलाई बचाउने हो भने अब मुख ताकेर नहुने बताए । उनले अब पनि अरुको मुख ताकेर देश र जनताको भविष्य छोड्न नसकिने बताए । जसपा नेपालले सडक र जनताको बीचबाट हस्तक्षेपकारी भूमिका खेल्नका लागि तयार हुनुपर्ने उनको तर्क थियो । अध्यक्ष यादवले दलित, जनजाति, महिला, मुस्लिमको सहभागिता हटाएर राजनीतिक स्थिरता सम्भव नरहेको बताए ।

## सञ्चालनमा आएन स्थानीय निकायको खाता

*साउन २१ गतेभित्र सबै स्थानीयतहले आफनो विवरणको जानकारी दिएर खाता सञ्चालन गरिनुपर्नेमा अहिलेसम्म कुनै पनि स्थानीयतहले बजेट पारित भएको जानकारी नगराएकाले स्थानीयतहको खाता सञ्चालनमा आएको छैन ।*

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
स्थानीयतहले गरेको नीति, कार्यक्रम र बजेटका विषयमा कोष तथा लेखा नियन्त्रण कार्यालय धनुषालाई जानकारी नभएपछि कुनै पनि स्थानीय तहको खाता सञ्चालनमा आउनसकेको छैन । धनुषाको १८ वटै स्थानीयतहमा धेरैजसो स्थानीय तहले बजेट र नीतिकार्यक्रम पारित गरे पनि कोषलाई भने जानकारी गराउन र खाता सचालनका लागि पहल नगरेका कारण आर्थिक वर्ष शुरु भएको करिब दोस्रो महिनामा समेत कुनै पनि स्थानीय तहको खाता सञ्चालनमा आउन नसकेको कार्यालयले जनाएको छ । खाता सञ्चालनमा नआएपछि कर्मचारीको तलबसमेत रोकिएको छ ।
धनुषाको लक्ष्मीनिया, धनौजी, जनकनन्दनीबाहेक स्थानीय तहले आफनो नीति तथा कार्यक्रम र बजेट सभाबाट पारित गराएको छ । तर उनीहरु खाता सञ्चालन गर्ने निकायका रुपमा रहेको कोष तथा नियन्त्रण कार्यालयलाई भने जानकारी दिएको छैन । प्रमुख कोष नियन्त्रक नवराज नेपालले साउन २१ गतेभित्र सबै स्थानीयतहले आफनो विवरणको जानकारी दिएर खाता सञ्चालन गरिनुपर्ने तर अहिलेसम्म कुनै पनि स्थानीयतहले बजेट पारित भएको जानकारी नगराएकाले स्थानीयतहको खाता सञ्चालनमा नआएको जानकारी दिए ।



धनुषामा गत आर्थिक वर्षमा ८३ प्रतिशत बजेट खर्च भएको कार्यालयले जानकारी दिएको छ ।
जसमध्ये चालुतर्फ ८४.७५ र पुँजीगततर्फ ७६.८९ प्रतिशत खर्च भएको छ । चालुतर्फ २७ अर्ब ८४ करोड ४१ लाख ८७ हजार ४ सय ४४ रुपैयाँमध्ये २३ अर्ब ५९ करोड ८७ लाख ९ हजार १३ रुपैयाँ खर्च भएको छ । त्यसैगरी पुँजीगततर्फ ४ अर्ब २६ करोड १४ लाख ५८ हजार रुपैयाँ विनियोजन गरिएकामा ३ अर्ब २७ करोड ९८ लाख ३४ हजार ३ सय ८९ रुपैयाँ खर्च भएको
छ । ३२ अर्ब १० करोड ५६ लाख ४५ हजार ४ सय ४४ रुपैयाँ विनियोजन गरिएको थियो भने २६ अर्ब ८७ करोड ५६ लाख ३३ हजार ४ सय ३ रुपैयाँ खर्च भएको छ ।
कोष नियन्त्रक नेपालले स्थानीयतह र प्रदेशको केही अनुदान घटेर आएकाले बजेट खर्चसमेत घटेको जानकारी दिए । त्यसैगरी ७ अर्ब १७ करोड ८ लाख १ हजार २ सय ७ रुपैयाँ राजश्व आम्दानी भएको जानकारी दिइएको छ ।

## रौतहटमा गौरपछि गरुडा उत्कृष्ट

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको १८ स्थानीय निकायमध्ये विभिन्न मूल्याङ्कनका आधारमा गरुडा नगरपालिका दोस्रो भएको छ । वित्तीय समानीकरण अनुदान अन्तर्गत कार्यसम्पादन मूल्याङ्कनका आधारमा गरुडा नगरपालिकाले जिल्लामा दोस्रो स्थान हासिल गरेको हो । सरकारबाट आर्थिक वर्ष २०८०–८१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा उपलब्ध गराइने वित्तीय समानीकरण अनुदानअन्तर्गत कार्य सम्पादन मूल्याङ्कनमा गरुडा दोस्रो स्थानमा परेको मेयर कन्थमणि जैसवालले बताए ।गरुडाले ७१.७५ अंक ल्याइ दोस्रो स्थानमा हासिल गरेको हो भने राजपुर नगरपालिका ७१ अंक ल्याएर तेस्रो स्थानमा रहेको छ । कार्य सम्पादनमा गौर नगरपालिका जिल्लामा पहिलो स्थानमा रहेको छ । कार्यसम्पादनमा जिल्लाको ११ पालिका ५० प्रतिशत भन्दा बढी अंक ल्याएका छन् भने ७ वटा पालिका ५० प्रतिशत पनि अंक ल्याउनसकेका छैनन् ।
५० प्रतिशत भन्दा बढी अंक ल्याउनेमा गौर गरुडापछि राजपुर, चन्द्रपुर, राजदेवी, परोहा, माधवनारायण, ईशनाथ, देवाहीगोनाही, कटहरिया नगरपालिका र दुर्गा भगवती गाउँपालिका छन् । ५० प्रतिशत भन्दा कम अंक ल्याउनेमा फतुवा विजयपुर, बृन्दावन, बौधिमाइ, मौलापुर, गुजरा, गढीमाइ नगरपालिका र यमुनामाइ गाउँपालिका छन् ।

## तेस्रो जनआन्दोलनको रणनीति पेश गर्दै साह



**मधेशदृष्टि**
**रौतहट ।**
आमजनता पार्टी (आजपा)को केन्द्रीय कमिटी बैठक भदौ ११ र १२ गते काठमाडौंको कमलादीस्थित प्रज्ञा प्रतिष्ठानमा बस्ने भएको छ । बैठकमा तेस्रो जनआन्दोलनको राणनीति तय हुनेछ ।
दलाल दलतन्त्रविरुद्ध र आमजनताको शासनव्यवस्थामा सहभागिताका लागि तेस्रो जनआन्दोलनको आह्वान गरेका आजपा अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले त्यसबारेमा अगामी कार्ययोजना समेत पेश गर्दैछन् । महासचिव त्रिभुवन साहले अब हुने तेस्रो जनआन्दोलनबाट आम जनताको शासन व्यवस्थामा सहभागिताको सुनिश्चित हुने बताए । बैठकले अब हुने आन्दोलन सशक्त र कडा बनाउने योजनासहित अगाडि बढिने बताए । बैठकमा आजपाले विगतका दिनमा गरेको विभिन्न आन्दोलनबारे समीक्षा पनि हुनेछ । आजपा महासचिव साहका अनुसार भन्सार, भ्रष्टाचार, वैदेशिक रोजगार, बैंकिङ ठगी तथा कवाडलगायतका आन्दोलनबारे बैठकमा समीक्षा हुनेछ । यसैगरी, शिक्षक दरबन्दीका लागि मधेशमा जारी आन्दोलनलाई अझै शसक्त बनाउने र आम शैक्षिक हडताल (आम शैक्षिक आन्दोलन) बारेसमेत निर्णय हुनेछ ।

## बाढीपहिरोमा २०३ नागरिकको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
अविरल वर्षाका कारण जेठ २८ गतेयता देशका विभिन्न स्थानमा आएको बाढीपहिरोलगायतका विपद्मा २ सय ३ जनाको मृत्यु भएको छ । बाढीपहिरोलगायतका विपद्मा परी काठमाडौं उपत्यकामा ३, कोशी प्रदेशमा २८, मधेश प्रदेशमा ८, बागमती प्रदेशमा ४२, गण्डकी प्रदेशमा ५६, लुम्बिनी प्रदेशमा ३७, कर्णाली प्रदेशमा १३ र सुदूरपश्चिम प्रदेशमा १६ सहित २ सय ३ जनाको मृत्यु भएको हो ।
साथै, काठमाडौं उपत्यकामा ११, कोशी प्रदेशमा ३८, मधेश प्रदेशमा १२, बागमती प्रदेशमा २८, गण्डकी प्रदेशमा ४७, लुम्बिनी प्रदेशमा १९, कर्णाली प्रदेशमा ६२ र सुदूरपश्चिम प्रदेशमा ३४ सहित २ सय ५१ घाइते भएका छन् । घाइतेलाई उपचारको लागि स्थानीय अस्पताल लगिएको छ । साथै, काठमाडौं उपत्यकामा २८, कोशी प्रदेशमा ४९, बागमती प्रदेशमा १२, गण्डकी प्रदेशमा १४, लुम्बिनी प्रदेशमा ४, कर्णाली प्रदेशमा २ र सुदूरपश्चिम प्रदेशमा १ सय १ जनालाई उद्धार गरिएको छ । बाढीपहिरोमा परी कोशी प्रदेशमा ३, मधेश प्रदेशमा १, बागमती प्रदेशमा ४५, गण्डकी प्रदेशमा २, लुम्बिनी प्रदेशमा १, कर्णाली प्रदेशमा १ र सुदूरपश्चिम प्रदेशमा १ सहित ५४ जना बेपत्ता भएका छन् । बेपत्ताको खोजी जारी छ ।
बाढीका कारण ४ सय ८ घर डुबानमा परेका छन् । ३ सय ६४ घर, १ सय २३ गोठ, ५२ पुल, ६ वटा विद्यालय र २ सरकारी कार्यालयमा क्षति पुगेको छ । ९ सय २४ वटा पशु चौपायाको मृत्यु भएको छ । अवधिमा विपद्का घटनाबाट ६ हजार ४४ घर परिवार विस्थापित भएका छन् ।

## भारतमा बस दुर्घटनाः बारागढीका ४५ तीर्थयात्री घाइते

**मधेशदृष्टि**
**बारा ।**
नेपाली तीर्थयात्री चढेको बस भारतमा दुर्घटनामा परेको छ । भारतको बिहार राज्यको समस्तीपुरमा शनिबार राति भएको दुर्घटनामा बाराको बारागढी गाउँपालिका–३ मूर्तिपलियाका ४५ जना घाइते भएका छन् ।
बसमा २५ महिला र ६ बालबालिकासहित ४७ तीर्थयात्री सवार थिए । तीन जना गम्भीर घाइते छन् । दुई जना सकुशल छन् । जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायव उपरीक्षक एवम् प्रवक्ता प्रकाश सापकोटाका अनुसार गम्भीर घाइतेमा देवनारायण पण्डित, सुबोध साह तेली र नौ वर्षीया बालिका छन् । ना ७ ख ६४४६ नम्बरको देव दर्शनको बसलाई ट्रकले पछाडिबाट ठक्कर दिँदा दुर्घटना भएको भारतीय सुरक्षाकर्मीले जानकारी दिएको उनले बताउनुभयो । सबै तीर्थयात्री बिहारको देवघर बाबाधाम तीर्थाटनका लागि गएका थिए । ‘बस दुर्घटनामा परेका सबै बारागढी गाउँपालिका–३ मूर्तिपलियाका रहेको जानकारी पाइएको छ,’ प्रहरी नायव उपरीक्षक सापकोटाले भने । घाइतेको समस्तीपुरस्थित सदर अस्पताल र अन्य निजी क्लिनिकमा उपचार भइरहेको उनले बताए ।
भारतका विभिन्न तीर्थस्थलको दर्शन गर्न बस शनिबार बिहान ११ बजे रक्सौल नाका हुँदै भारत प्रस्थान गरेको थियो । त्यसअघि उनीहरुले गाउँमा सामुहिक पूजापाठसमेत गरेका थिए । बस बारागढी–१ का राजाराम साहको रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# न्याय नपाइएको मिटरब्याजपीडितको गुनासो

**सिरहा ।**
मिटरब्याजपीडित सङ्घर्ष समितिका अगुवाहरूले मिटरब्याज (अनुचित लेनदेन) समस्या अन्त्यका लागि सरकार गम्भीर नभएको गुनासो गरेका छन् । 'मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन, नेपाल'द्वारा शनिबार सिरहाको गोलबजारमा आयोजित भेलामा मिटरब्याज समस्या अन्त्यका लागि बनेको कानुन कार्यान्वयनका लागि सरकार र संयन्त्र इमान्दार नभएको बताएका हुन् ।

'कानुन कागजमै सीमित हुँदा न्याय पाउन मुस्किल भयो । मिटरब्याजीले प्रहरी, प्रशासन र सरकार सबैलाई प्रभावमा पारेर न्याय प्रक्रियालाई अवरुद्ध पार्ने काम गरेका छन्' सङ्घर्ष समितिका अध्यक्ष अवधेश कुशवाहाले भने, 'मिटरब्याजीले उल्टो पैसा, पहुँच र शक्तिको आडमा पीडितमाथि थप दमन गरिरहेका छन् ।' उनले अब चाँडै गृहमन्त्रीसँग यस विषयमा भेटवार्ता हुन गइरहेको र त्यसपछि पनि सरकारको व्यवहार उचित नदेखिए सशक्त सङ्घर्ष थाल्ने चेतावनी दिए ।

यसैगरी सङ्घर्ष समितिका महासचिव मनोजकुमार पासवानले सरकार, संयन्त्र र मिटरब्याजीहरूले आफूहरूको संयमतालाई कमजोरीका रूपमा लिने गरेको गुनासो गरे । उनले भने, 'हाम्रो सङ्घर्षपछि आयोग बन्यो, कानुन बन्यो, तर सबै कागजमै सीमित छ । मिटरब्याजीले नै हामीमाथि दमन गरिरहेका छन् ।' साथै उनले मिटरब्याजको संरक्षक राजनीतिक दलहरू नै भएको आरापसमेत लगाए । अनुचित लेनदेनसम्बन्धी कानुन बन्दा पनि पीडितले न्याय पाउने स्थिति नभएकाले आगामी दिनमा वारपारको लडाइँ लड्नुपर्ने अवस्था आउनसक्ने र त्यसका लागि सम्पूर्ण पीडितहरूलाई एकजुट भएर लाग्न मिटरब्याजी आन्दोलनका अगुवा रामरिझन यादवले आग्रह गरे । रासस

# मन्त्रीको निवासमा आगलागी

**मकवानपुर ।**
बागमती प्रदेशका संस्कृति, पर्यटन तथा सहकारीमन्त्री विमल ठकुरीको निवासमा आइतबार साँझ आगलागी भएको छ । मन्त्री बस्ने भवनको माथिल्लो तलामा रहेको सभाहलमा आगलागी हुँदा इन्भर्टर ब्याट्री चार थान, पावर सप्लाइ बक्स, वाइफाइ राउटर, गलैचा, जिप्सन बोर्डमा क्षति पुगेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । आइतबार साँझ ७ बजेर ४० मिनेट जाँदा आगलागी सुरु भएको र ७ बजेर ५५ मिनेटमा निभाइएको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । आगलागी हेटौंडा उपमहानगरको वारुणयन्त्र प्रयोग गरिएको थियो । विद्युत सर्ट भएका कारण आगलागी भएको प्रहरीले जनाएको छ । हेटौंडा–९ लामसुरेस्थित हेटौंडा सिमेन्ट उद्योगको कर्मचारी आवासलाई नै मन्त्री निवास बनाइएको थियो । रासस

# लोसपा जिल्ला कार्यसमितिको बार्षिकोत्सव मनाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
लोकतान्त्रिक समाजवादी पार्टी नेपाल पर्सा जिल्ला कार्यसमितिले आफ्नो तेस्रो वार्षिकोत्सव भव्य रूपमा मनाएको छ । पार्टीको स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा पार्टीका नेताहरू, कार्यकर्ताहरू तथा समर्थकहरूको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रममा प्रदेश सभा सदस्य एवं लोसपाका केन्द्रिय सदस्य रमेश प्रसाद कुर्मीले पार्टीको उद्देश्य र आगामी योजनाहरूको चर्चा गर्दै लोसपा नेपालले मधेशको हक अधिकारको लागि निरन्तर सङ्घर्ष गर्दै आएको उल्लेख गरे । उनले मधेशका जनताको आशा र भरोसालाई कायम राख्न पार्टी एकजुट भई लागि पर्ने बताए । कार्यक्रममा पार्टीका जिल्ला अध्यक्ष पुरुषोत्तम झाले लोसपा नेपालको सङ्घर्ष र योगदानको चर्चा गर्दै आगामी दिनमा पार्टीलाई थप सशक्त बनाउने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रमका अन्य वक्ताहरूले पार्टीको तीन वर्षको यात्रालाई समीक्षा गर्दै भविष्यमा गर्नुपर्ने कामको विषयमा आफ्ना विचार प्रस्तुत गरेका थिए । पार्टीका जिल्ला अध्यक्ष पुरुषोत्तम झाको सभापतित्वमा सम्पन्न कार्यक्रम सम्पन्न भएको थियो ।

# राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय कार्यान्वयन नगर्न आदेश

**काठमाडौँ ।**
सर्वोच्च अदालतले सार्वजनिक सेवा सुविधा प्राप्त गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य हुने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको छ । न्यायाधीशद्वय डा मनोजकुमार शर्मा र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले गृहमन्त्रालयको गत असार १० गतेको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको हो ।

आदेशमा भनिएको छ, 'नेपाल सरकार गृह मन्त्रालयको मिति २०८१÷०३÷१० को राजपत्रको भाग ५ बुँदा नं. (क)मा प्रकाशित 'नागरिकता प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेस गर्ने' भन्ने व्यवस्थामा उल्लिखित 'सट्टा' शब्दलाई स्थगन गरी नेपाल सरकारबाट प्रवाह गरिने सार्वजानिक सेवा सुविधा उपलब्ध गराउने प्रयोजनका लागि राष्ट्रिय परिचयपत्रलाई अनिवार्य नगर्नु ।'

अदालतले राष्ट्रिय परिचयपत्र हाललाई अनिवार्य नगर्ने भनी सबै स्थानीय तहलाई निर्देशन दिएको देखिए पनि राष्ट्रिय परिचयपत्र सामाजिक सुरक्षा भत्ता प्रयोजनका हकमा मात्र र सो पनि केही समयसम्मका लागि अनिवार्य नभएको भन्ने नै देखिएकाले उक्त कार्यान्वयन नगर्न भनिएको हो । आदेशमा भनिएको छ, 'नेपाल राजपत्रमा उल्लेखित व्यवस्था कायमै रहेमा आम नागरिक आफूसँग नेपाली नागरिकताको प्रमाणपत्र भए पनि राष्ट्रिय परिचयपत्र नभएकै आधारमा नेपाल सरकारबाट प्रवाह गरिने सार्वजनिक सेवाजस्तो अत्यावश्यक सुविधा प्राप्त गर्नबाट बञ्चित हुनुपर्ने देखिँदा प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त निर्णय कार्यान्यन नगर्नु ।' अधिवक्ता रामबहादुर राउतसमेतले सरकारको उक्त निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए । रासस

# भूतपूर्व संस्कृत विद्यार्थी समाजद्वारा सम्मेलनको तयारीमा

**मधेशदृष्टि**
**महोत्तरी ।**



महोत्तरी जिल्लाको मटिहानीमा रहेको संस्कृत विद्यालय तथा विद्यापीठमा अध्ययन गरेका भूतपूर्व विद्यार्थीहरुको संगठन भूतपूर्व संस्कृत विद्यार्थी समाज मटिहानी द्वितीय सम्मेलनको तयारी शुरु गरेको छ । नेपालको पहिलो विद्यालयको रुपमा रहेको मटिहानीको राजकीय संस्कृत विद्यालय तथा याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठमा विभिन्न समयमा अध्ययन गरि विभिन्न ठाउँमा छरिएर रहेका भूतपूर्व विद्यार्थीलाई एकआपसमा भेटघाटको चाँजोपाँजो मिलाउन द्वितीय सम्मेलनको तयारी शुरु गरिएको समाजका उपाध्यक्ष सागरप्रसाद बरालले जानकारी दिए ।

एकातर्फ संस्कृत शिक्षाको महत्व बढने तथा अर्को तर्फ पुरानो साथीभाईसँग भेटघाट र सहकार्य बढने उद्देश्यले समाजले सम्मेलनको तयारी थालिएको उपाध्यक्ष बरालले बताए । पाँच वर्ष अगाडि भूतपूर्व समाज गठन गरिए पनि सबैजना आ–आफ्नो काम, व्यस्ततामा रहेकाले सबैको मिलन हुन नसकेको बताउँदै समाजका महासचिव चिरञ्जीवी सापकोटाले मटिहानीको संस्कृत विद्यालय तथा क्याम्पसमा अध्ययन गरेका सबै पुस्ताको एकै ठाउँमा मिलन विन्दुको लागि पहल थालेको बताए । उनले माघ १७ र १८ गते दुई दिवसीय सम्मेलनको तिथी तय गरिएको भन्दै सम्मेलनलाई भव्यता दिन क्याम्पसका पूर्व प्राध्यापक धुरव रायको संयोजकत्वमा स्मारिका उपसमिति, राजकीय संस्कृत माविका प्राचार्य ईश्वरी पौडेलेको संयोजकत्वमा भोजन तथा आवास व्यवस्थापन उपसमिति, पूर्व विद्यार्थी, पत्रकार तथा गोरखापत्रका मैथिली पृष्ठका सहसंयोजक जितेन्द्र झाको संयोजकत्वमा प्रचारप्रसार उपसमिति, शिक्षक प्रेरणा साहको संयोजकत्वमा आर्थिक सङकलन उसमिति तथा उपप्राध्यापक राजेश झाको संयोजकत्वमा विधान मस्यौदा उपसमिति गठन गरिएको बताए ।

समाजका अध्यक्ष ईश्वरी पौडेलको अध्यक्षतामा आइतबार बसेको बैठकबाट विगतको कार्यको समिक्षासहित सम्मेलनको तयारी थालिएको सदस्य गुणराज धमलाले बताए । उनले सम्मेलनमा नेपालमा संस्कृत शिक्षाको संरक्षण गर्न भूमिका खेलेका व्यक्तित्वहरुलाई सम्मान गरिने योजना बनाइएको भन्दै यस कार्यमा सम्पूर्ण संस्कृत विद्यार्थीहरुको सहयोग रहने विश्वास व्यक्त गरे । मटिहानीमा संस्कृत शिक्षा अध्ययन गरिसकेका पूर्व विद्यार्थीहरुले आ–आफनो अध्ययनताकाका सम्झनामूलक लेख दिएमा विगतदेखि आधुनिकसम्म मटिहानी, संस्कृत शिक्षा तथा मटिहानीमा संस्कृति शिक्षाको बारेमा बुझ्न सबैलाई सहज हुने उनले बताए । केही वर्ष पहिला नेपालकै पहिलो विद्यालयको रुपमा चिनिएको राजकीय संस्कृत माध्यमिक विद्यालयले 'एक लेख, एक पुस्तक र एक बटुक' अभियान समेत सञ्चालन गरेको थियो ।

# शिक्षा समन्वय इकाई प्रमुखको सरुवा रोकाउन चलखेल

**सञ्जय मिश्रा**
**रौतहट ।**
जिल्ला शिक्षा समन्वय इकाई रौतहटका प्रमुख राम विनय कुमार सिंहको सरुवा रोकाउन (बदर गराउन) चलखेल शुरु भएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा एक साता अघि सरुवा गरिएका इकाई प्रमुख सिंहको सरुवा रोकाउन शिक्षा माफियाहरुको चलखेल शुरु भएको हो । मन्त्रालयको गत २ गरेको पत्र अनुसार सिंहको शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानो ठिमी भक्तपुरमा सरुवा गरिएको थियो । वर्षौंदेखि रौतहटलाई आधिपत्य बनाएर बसेका सिंहको सरुवा बदर गराउन जिल्लाका केही शिक्षा माफियाहरु राजधानी काठमाडौं केन्द्रित भएका छन् । उनीहरू आर्थिक चलखेलदेखि राजनीतिक प्रभावमा पारेर जसरी पनि सिंहको सरुवा बदर गराउन लागिरहेको एकजना नेपाली कांग्रेसका युवा नेता मनोज कुमार साह बताउँछन् । कटहरिया २ जमुनिया घर भएका युवा नेता तथा समाजसेवी साहले शिक्षा इकाई प्रमुख सिंहलाई कुख्यातको संज्ञा दिएर सरुवा बदर नहोस भनेर सिंगो रौतहट बासीलाई आग्रह गरेका छन् । उनले आफ्नो आधिकारिक आइडिमार्फत सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन् 'शिक्षाको माफिया तथा माहाजाल्ली रौतहटको कुख्यात इकाई प्रमुख रामविनय कुमार सिंहको सरुवा भएको छ । उनको आसेपासेहरु विभिन्न शक्तिकेन्द्र धाएर तथा मन्त्रालयमा लोभ लालच दिएर सरुवा रोक्न लागेको छ । रौतहटवासी जागौ र यस्तो भ्रष्ट इकाई प्रमुखलाई लखेटेर भगाउँ र रौतहटको शिक्षा बचाउ जय रौतहट ।'

जिल्ला शिक्षा कार्यालय रौतहट हुँदा देखि शिक्षा समन्वय ईकाई रौतहटको प्रमुखको रूपमा राम बिनय कुमार सिंह पछिल्लो पाँच वर्षभन्दा बढी समयदेखि कार्यरत रहेका छन् । उनको कार्यकालमा जिल्लामा सैयौं फर्जी शिक्षक भर्ना भएका छन् । पालिकाका शिक्षा संयोजकहरुको मिलोमतोमा जिल्लाको १८ स्थानीय निकायमा दुई सय भन्दा बढी कुनै प्रक्रिया नमिलेको अबैध शिक्षकहरु जागिर खाइरहेका छन् । जसको हालसम्म कुनै निकायबाट खोजबिन हुनसकेको छैन । त्यस्तै उनको कार्यकालमा केही दलाल शिक्षा माफियाको पहलमा फर्जी प्रक्रिया अनुसार दर्जनौं शिक्षकको जिल्लान्तर सरुवा गरिएको जिल्लाका शिक्षकहरुले दाबी रहेको छ । जिल्लाको आधा दर्जन भन्दा बढी शिक्षा माफियाहरुको लागि सिंह कमाई खाने भाँडो बनेका छन् भने उनको लागि पनि रौतहट राम्रो चरणक्षेत्र बनेको छ । सरुवाको चिठी आएपछि सिंह सहितका मानिस काठमाडौं बसेर सरुवा बदर गराउनमा लागिरहेको समाजसेवी मनोज कुमार साहले दाबी गरेका छन् ।



# डेडिकेटेड र ट्रङ्कलाइन महसुल विवाद लेखा समितिको बैठक निष्कर्षविहीन

**काठमाडौँ ।**
डेडिकेटेड फिडर र ट्रङ्कलाइन बक्यौता उठाउने विषयमा सांसदबीच समान धारणा भएपनि प्रक्रिया र आगामी रणनीतिका बारेमा मतैक्य नभएपछि सार्वजनिक लेखा समितिको आइतबारको बैठक बिना निष्कर्ष टुङ्गिएको छ । सिंहदरबारस्थित समितिको कार्यकक्षमा भएको पाँच घण्टा लामो बैठकको अन्त्यमा सभापति ऋषिकेश पोखरेलले राखेको निष्कर्षमा सांसदबीच मत बाँझिएपछि नसक्दा बैठक बिना निष्कर्ष टुङ्गिएको हो ।



सभापति पोखरेलले तत्कालीन लेखा समितिले गरेको निर्णय र प्रतिवेदनको अवस्थाबारे जानकारी लिने, डेडिकेटेड फिडर र ट्रङ्कलाइनको महसुलसम्बन्धी महालेखाको प्रतिवेदनमा उल्लेख गरेको बक्यौतामा पछिल्लो निर्णय के हो ? भनि लेखी पठाउनेलगायतका विषयमा राखेको निष्कर्षप्रति प्रतिपक्षी दलका सांसदले विरोध गरे । खासगरी नेकपा (माओवादी केन्द्र) र राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदसँग अन्य दलका सांसदबीच बक्यौता उठाउने विषयमा सहमति भएपनि प्रक्रिया र अपनाइने विधिलगायतका विषयमा विवाद सृजना भएको हो । नेपाल कांग्रेसका सांसद अर्जुननरसिंह केसीले महालेखा परीक्षकको कार्यालयले २१ अर्ब ८८ करोड रुपैयाँ बक्यौता भनि उल्लेख गरेको रकम निश्चित अवधि तोकेर असुल उपर गरौँ भन्ने निर्देशन नेपाल विद्युत् प्राधिकरणलाई दिने विषयमा भने समितिमा विवाद नभएको प्रतिक्रिया दिए । अघिल्लो पटक यसै समितिले उपसमिति नै बनाएर गरेको छानबिन र अन्य आयोगसमेतले दिएको सिफारिसअनुसार कारवाही गर्नुपर्नेमा त्यो किन कार्यान्वयन भएन भनी प्रश्न सोध्ने विषयमा सबै एकठाउँमा रहेको उनले जानकारी दिए । एउटै मितिमा प्रधानमन्त्री कार्यालयबाट अलग–अलग रायको पत्राचार भएकाले त्यसबारे जानकारी लिऔँ भन्ने विषय पनि सदस्यहरुबीच समान धारणा बनेपनि बैठक बिना निष्कर्ष अन्त्य भएको उनको भनाइ छ ।

नेकपा (माओवादी केन्द्र)का सांसद लेखनाथ दाहालले बैठकमा समिति सभापतिले प्रस्तुत गर्नुभएको निष्कर्षका छ वटा बुँदामा असहमति जनाए । उनले तीन बुँदा अन्तैबाट निर्देशित र योजनाबद्ध रुपमा आएको आरोप लगाए । उनले भने, 'यो मुद्दालाई फेरि अख्तियार र अदालतमा पठाएर समय लिने, विद्युत् महसुल तिर्नुपर्ने गरी बनेको वातावरणलाई अलमल्याउन खोजिएको छ ।' समिति सभापति पोखरेलले विभिन्न आयोग र समितिका निर्णय, तत्कालीन लेखा समितिले दिएको निर्देशन, वैधानिकता पुष्टि हुने विद्युत् खपत अवधि, विद्युत् सङ्कलन नियमावलीका आधारमा महालेखाको ६१औँ प्रतिवेदनका आधारमा डेडिकेटेड फिडर र ट्रङ्कलाइनतर्फको महसुल उठाउन निर्देशन दिने प्रस्ताव गरेका थिए । उनले भने, 'समिति महालेखाले उठाएका विषयवस्तुलाई छलफल गर्ने निकाय हो । यो कसैलाई लक्षित गरी दण्ड र कारवाही गर्ने संस्था होइन र रहन सक्दैन ।' उद्योगी तथा व्यवसायीले डेडिकेटेड फिडर र ट्रङ्कलाइनबाट बिजुली उपभोग गरेको २०७२ साउनदेखि २०७७ जेठसम्मको अवधिलाई तीन चरणमा विभाजन गरिएको छ । त्यसमा ०७२ साउनदेखि पुससम्म सुरुको अवधि र ०७५ जेठदेखि ०७७ जेठसम्मको तेस्रो अवधिमा रुपमा लिइएको छ । यी दुई वटा अवधिको विवादको विषयसम्बन्धी मुद्दा अदालतमा विचाराधीन छ । यी दुई अवधिको बक्यौता १३ अर्ब चार करोड ८२ लाख रुपैयाँ छ । बीचको अवधि २०७२ माघदेखि २०७५ वैशाखसम्मको अवधिको बक्यौता जरिवानासहित आठ अर्ब ५० करोड रुपैयाँ बराबर छ ।

प्राधिकरणका अनुसार २०७२ साउनदेखि पुससम्मको ९७ करोड ४३ लाख रुपैयाँ, २०७२ माघदेखि २०७५ वैशाखसम्मको छ अर्ब ४१ लाख रुपैयाँ बराबरको महशुल उठाउन बाँकी छ । सरकारले २०७५ वैशाख मसान्तदेखि लोडसेडिङ अन्त्यको घोषणा गरेको थियो । सो घोषणा पछि २०७५ जेठदेखि २०७७ जेठसम्मको आठ अर्ब ४४ करोड ९६ लाख रुपैयाँ बराबरको बाँकी छ ।

विद्युत् नियमन आयोग गठनसम्बन्धी ऐन आएपनि आयोगका पदाधिकारी नियुक्त नहुँदा सो अवधिको आवश्यक निर्णय हुन सकेको थिएन । सो अवधिको गरी १५ अर्ब ४२ करोड ८० लाख रुपैयाँ बक्यौता उठ्न बाँकी छ । यसमा मासिक २५ प्रतिशत जरिवानासमेत जोड्दा २२ अर्ब रुपैयाँ भन्दा बढी हुन जाने प्राधिकरणको विवरणमा उल्लेख छ । रासस

# शीतभण्डार निर्माण अधुरै किसानको उत्पादन खेर जाँदै



**राजविराज ।**
सप्तरीमा शीतभण्डार निर्माण अधुरै रहेको छ । उक्त भवन निर्माण नहुँदा बर्सेनि किसानले उत्पदान गरेको तरकारी र फलफूल खेर जाने गरेको छ । सप्तरीको राजविराज नगरपालिका–१५ देउरी भरुवामा २०७५ पुसमा शीतभण्डार निर्माण कार्य शुरु भएको थियो । तीन हजार मेट्रिक टन क्षमता भएको उक्त सहकारी शीतभण्डार निर्माण समयमै निर्माण सम्पन्न नहुँका जिल्लाका किसान मारमा परेका छन् । झण्डै २८ करोड रुपैयाँ लागतको शीतभण्डार निर्माण कार्य २०७८ सालदेखि रोकिएको छ ।
बजेट अभावका कारण शीतभण्डार निर्माण कार्य बीचमै रोकिएको जिल्ला सहकारी सङ्घ सप्तरीका प्रबन्धक रमेशप्रसाद गुप्ताले जानकारी दिए । शीतभण्डार निर्माणका लागि आर्थिक वर्ष २०७६–७७ मा सङ्घीय सरकारबाट ६ करोड ३६ लाख रुपैयाँ उपलब्ध भएको उनले बताए । 'सङ्घीय सरकारले रु १० करोड ७५ लाख उपलबध गराउन बाँकी नै छ, रकम अभावले निर्माणको जिम्मा लिएको कम्पनीले काम गर्न छाडेको छ ।'
स्वीकृत कार्यक्रमअनुसार सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग थप बजेट उपलब्ध गराउन पटक पटक माग गर्दैआएको प्रबन्धक गुप्ता बताउँछन् । सो अन्तर्गत नवलपरासी र सप्तरीमा एकसाथ सहकारी शीतभण्डार निर्माण थालिएको थियो । नवलपरासीमा भने यसअघि नै शीतभण्डार निर्माण भएर प्रयोगमा समेत आइसकेको उनको भनाइ छ । सङ्घीय सरकारको ६० प्रतिशत अनुदान, सङ्घ संस्थाहरुको २० प्रतिशत तथा स्थानिय र प्रदेश सरकारको २० प्रतिशत अनुदानमा डेढ कट्ठा जग्गामा उक्त शीतभण्डार निर्माण गर्न थालिएको हो ।
शीतभण्डार अभावले केरा, आँप, आलु, प्याज, लसुनलगायत उत्पादन खेर जाने गरेको छ । किसानले जिल्ला बाहेक अन्य ठाउँमा लगेर आफ्नो उत्पादन बिक्री गर्न सकिरहेका छैनन् । 'शीतभण्डार नहुँदा उत्पादन सस्तोमा बिक्री गर्नुपर्ने बाध्यता छ, बिक्री नहुँदा उत्पादन त्यसै खेर जाने गरेको किसानको गुनासो छ', प्रबन्धक गुप्ताले भने ।
बेमौसममा भने किसानले तरकारी र फलफूल महङ्गोमा किनेर खान बाध्य भएका उनको भनाइ छ ।
स्थानीय किसानले उत्पादन गरेको फलफूल र तरकारी सहकारीमार्फत् शीतभण्डारमा भण्डारण गर्ने योजनाका साथ सो शीतभण्डार निर्माण कार्य अघि बढाइएको प्रबन्धक गुप्ता बताउँछन् । 'अहिले उत्पान खेर गइरहेको छ, सुरक्षित साथ राख्न सकिएको छैन' उनले भने, 'शीतभण्डारको सुविधा भएको खण्डमा बिक्री गर्न नसकिएको तरकारी र फलफूल लामो समयसम्म राख्न सकिन्छ, किसानले अत्यधिक लाभ लिनसक्ने अवस्था बन्थ्यो ।'
प्रबन्धक गुप्ताका अनुसार मधेश प्रदेश सरकारले चालू आर्थिक वर्ष २०८१–८२ मा उक्त सहकारी शीतभण्डार निर्माणका आठ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । तर हालसम्म सो रकम भने प्राप्न हुन नसकेको उनको भनाइ छ । चाडो निर्माण कार्य शुरु गर्नुपर्नेमा जोड दिदै उनले जिल्लाका जिल्लामा उत्पादित कृषि उपज भण्डार गर्न शीतभण्डार नभइ नहुने प्रबन्धक गुप्ता बताउँछन् । शीतभण्डार निर्माणको जिम्मा पाएको शर्मा आशिष ओम साइराम, सानोठिमीले बजेट अभावकै कारण समयमै निर्माण सम्पन्न गर्न नसकिएको जनाएको छ । 'यसअघि काम गरेको तीन करोड ५७ लाख रुपैयाँ प्राप्त गर्न बाँकी छ', सो निर्माण कम्पनीका प्रतिनिधि सञ्जयकुमार मिश्रले भने । आर्थिक वर्ष २०७७–७८ मा काम गरेको बील पेश गरेपनि त्यसको सुनवाइ नभएको उनको भनाइ छ । रासस

# स्ववियु निर्वाचन हुनुपर्नेमा विद्यार्थी नेताको जोड




**मधेशदृष्टि**
**वीरगंज ।**
स्ववियु चुनावलाई लक्षित गर्दै नेविसंघ, ठाकुर राम बहुमुखी क्याम्पसको इकाई समिति वैठक सम्पन्न भएको छ । नेविसंघका केन्द्रिय सदस्य मुनाराज तिवारीको उपस्थितिमा सम्पन्न वैठकमा स्ववियु निर्वाचन नहुँदा त्रिविको शैक्षिक क्यालेण्डर अस्तव्यस्त भएको, विद्यार्थीहरुले आफ्नो हकअधिकार प्रयोग गर्न नपाएको हुँदा यस पटक १५ वर्ष पछि भए पनि ठाकुर राम क्याम्पसमा स्ववियु निर्वाचन स्वच्छ र निष्पक्ष ढंगले सम्पन्न गर्न नेविसंघ एकजुट हुनु पर्ने कुरामा विद्यार्थी नेताहरुले जोड दिएका छन् ।
केन्द्रिय सदस्य तिवारीले स्ववियु निर्वाचन नहुँदा शैक्षिक आन्दोलनलाई नोक्सान हुनुका साथै विद्यार्थीका हक अधिकार उठाउने ठाउँ नभएको बताए । नेविसंघको बैठकमा ठाकुर राम बहुमुखी क्याम्पसमा हुने स्ववियु चुनावको विषयमा विधार्थीहरुले आ–आफनो धारणा राख्दै ठाकुर राम बहुमुखी क्याम्पसको दिन प्रतिदिन अवस्था नाजुक हुदै गएको प्रति दुख व्यक्त गरेका थिए । बैठकमा नेविसंघका विद्यार्थी नेता राजु गुप्ता, राजु यादव, राहुल दास, रुपेश साह, इम्तियाज हुसैनलगायतको उपस्थिति रहेको थियो ।

# साउनमा ३ अर्ब ७५ करोड राजस्व सङ्कलन

**वीरगंज ।**
सिर्सियास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगंजले चालु आर्थिक वर्षको साउनमा तीन अर्ब ७५ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ । भन्सार विभागले कार्यालयलाई चालु आवको साउनमा चार अर्ब ७३ करोड ३१ लाख ४५ हजार रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो । कार्यालयले सो अवधिमा लक्ष्यको ७९ दशमलव २८ प्रतिशत अर्थात् तीन अर्ब ७५ करोड २२ लाख ११ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको जनाएको छ ।
भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले चालु आवको पहिलो महिनामा राजस्व सङ्कलन उत्साहजनक देखिएको दाबी गरे । 'चालु आवको साउनमा राजस्व सङ्कलनमा औसतमा उत्साहजनक देखिएको छ । भदौको समग्र राजस्व सङ्कलनले आगामी दिनको दिशानिर्देश गर्नेछ' उनले भने ।
भन्सार विभागले कार्यालयलाई गत आवको साउनमा चार अर्ब २४ करोड ६३ लाख ३५ हजार रुपैयाँ लक्ष्य निर्धारण गरेकामा सो अवधिमा लक्ष्यको ९६ दशमलव ०१ प्रतिशत अर्थात् चार अर्ब सात करोड ६९ लाख ९५ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको थियो ।
कार्यालयको गत आवको साउनको तुलनामा चालु आवको साउनमा राजस्व सङ्कलन ३२ करोड ४७ लाख ८४ हजार रुपैयाँले घटेको छ । प्रमुख भन्सार अधिकृत बरुवालले गत आवको साउनको तुलनामा चालु आवको साउनमा समग्रमा राजस्व सङ्कलनमा केही कमी आएको बताए । कार्यालयले आव २०७९–८० को साउनमा भने तीन अर्ब ६१ करोड ८५ लाख दुई हजार रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । रासस

# निगुरो व्यापारः लगानी बिना नै लोभलाग्दो आम्दानी



**सर्लाही ।**
पर्याप्त पोषणतत्व भएको निगुरोलाई गृहिणीहरू स्वादिलो तरकारी र अचारको सूचीमा राख्ने गरेका छन् । हाम्रो देशमा निगुरोको अचार नखाने विरलै होलान् । निगुरो पाइने याममा प्रायः गृहिणीले हाटबजारमा यो बहुपयोगी वनस्पति किन्ने गरेका छन् ।
झाडीमा उम्रिने यस वनस्पति कुनै औषधि तथा विषादीविना उत्पादन हुने भएकाले लाभदायक हुन्छ । वनमा आफैँ उत्पादन हुने भएकाले यसलाई खोजेर टिप्नबाहेक अन्य कुनै लगानी नलाग्ने यहाँका स्थानीय बताउँछन् । लगानी नलाग्ने भएका कारण निगुरोको पोषण र स्वाद जस्तै आम्दानी लोभलाग्दो छ । सर्लाहीको बरहथवा नगरपालिका–९, मूर्तियाको तीन दर्जन परिवारले निगुरो टिपेरै मनग्य आम्दानी गरिरहेका छन् । विगत १० वर्षदेखि यस क्षेत्रका स्थानीयले प्रत्येक वर्ष चैतको तेस्रो हप्तादेखि असोजको अन्तिमसम्म गाउँ नजिकैको वनमा उम्रिएको निगुरो टिपेर बेच्ने गरेका छन् ।
जिल्लाको बरहथवा नगरपालिका–९, मूर्तिया निवासी सविता कुशवार दैनिक बिहान बेलुवा दुई घण्टा घर नजिकैको डाँफे सामुदायिक वन पुगेर निगुरो टिप्छिन् । निगुरो राम्रो भेटिएको दिन ३० देखि ३५ मुठासम्म टिप्ने गरेको उनले बताइन् । 'यसरी टिपेको निगुरो जोडी मुठाको २५ रुपैयाँमा बिक्री हुन्छ' उनले भनिन्, 'दिनको सात सयसम्मको निगुरो टिप्ने गरेको छु ।'
फुर्सदको समय सदुपयोग गरेर निगुरो टिप्दा घर खर्च चलाउन निकै सजिलो भएको उनले बताइन् । वर्षमा सात महिना लगभग टिप्दा ८० देखि ९० हजारसम्म एक जनाले कमाउने गर्छन् । निगुरो टिप्न घरमा भएका सबै उमेर समूह वन पस्ने गरेका अर्का स्थानीय दीपक लामाको भनाइ छ । देख्दा निगुरो टिप्ने त हो नी भन्ने लाग्छ । तर आम्दानीको राम्रो स्रोत बनेको उनी बताउँछन् । बरहथवा–९, मूर्तियाका कर्णबहादुर कुशवारले पनि विगत सात वर्षदेखि निगुरो टिप्ने गरेको बताए । 'राम्रो उत्पादन भएको समयमा दिनमा ५० मुठासम्म टिपेको छु' उनले भने, 'यसको मूल्य सधैँ एकनाश रहन्छ । धेरै घटबढ गर्दैन' आफ्नो बूढाबूढी नै दैनिक निगुरो टिप्न आउने गरेको उनले सुनाए । बिहान बेलुका निगुरो टिप्नेले वन भरिने गरेको छ ।
सोही स्थान बस्नुहुने फूलमाया तामाङको दैनिकी पनि उस्तै छ । छिटोछिटो टिप्ने भएकाले दिनमा सात सयसम्मको निगुरो टिपेर बेचेको फूलमायाले बताइन् । 'फुर्सदका समयमा गाउँका बुढापाकादेखि बालबालिका सबै निगुरो टिप्न वन पस्छन्' उनले भनिन्, 'दैनिक बिहानबेलुका दुई÷चार घण्टा खट्दा राम्रो कमाई हुन्छ ।' निगुरो टिप्ने काम जागिर भएको उनले बताइन् ।
गाउँघरमा पनि चाडबाड तथा भोजभतेरमा निगुरोको माग हन्छ । 'गाउँतिरै पनि खोज्ने मान्छे आउछन्' उनले भनिन्, 'व्यापारीलाई पनि अझै पुगेको छैन् ।' टिप्नसकेजति व्यापारीले लैजान्छन् । व्यापारीहरुले निगुरो बुझाएलगत्तै वा पछि एकमुष्ट मागको सयम पैसा दिने गरेका स्थानीयको भनाइ छ ।
'बसिरहनुभन्दा वनमा निगुरो खोज्यो' उनले भनिन् 'पैसामा पनि हुन्छ ।' निगुरो बेचेर बचत गरेको पैसाले आपत्विपतमा गर्जोटार्नदेखि औषधि उपचारमा सहयोग पुगेको स्थानीय नानीमैया कार्कीले बताइन् । 'निगुरो टिप्न थालेदेखि दुई चार रुपैयाँका लागि कसैलाई भन्नु परेको छैन' उनले भनिन्, 'त्यस्तो दुःख पनि हुन्न् । केही घण्टा खट्ने हो । दुई चार सय भइहाल्छ । यसले ठूलो भरथेग भएको छ । मीठो मसिनो खान, औषधि उपचार र घरखर्च नै धानेको छ ।'
यस क्षेत्रबाट विगत १० वर्षदेखि निगुरो टिप्ने सङ्कलन गर्ने र काठमाडौँका बजारसम्म पु¥याउने गरेको व्यवसायी सुनिता महतोले बताइन् । उनका अनुसार सुरुमा स्थानीयले निगुरो टिपेको प्रतिमुठा पाँच रुपैयाँ पाउथे । अहिलो जोडी मुठाको २५ रुपैयाँ पाउँछन् । निगुरोसँगै अन्य मौसमअनुसारको तरकारी ढुवानी गर्ने गरेको उनले बताइन् । सङ्कलित निगुरो बजारसम्म लैजाने व्यवस्था सुनिताका श्रीमान् धनेश्वर महतोले गर्ने गरेका छन् । यस क्षेत्रका ३६÷३७ परिवारले दैनिक निगुरो टिपेर ल्याउने व्यवसायी धनेश्वरले जानकारी दिए । 'दैनिक १२ देखि १५ बोरासम्म निगुरो काठमाडौँ पु¥याउँछु' उनले भने, 'एक बोरामा ८० मुठा हुन्छ । दैनिक हजार मुठा बढी सङ्कलन हुन्छ ।'
निगुरो टिपेर मूर्तिया क्षेत्रका स्थानीयले गत वर्ष लगभग सात महिनाको अवधिमा ३० लाख रुपैयाँ आम्दानी गरेका कृषि ज्ञान केन्द्रका एक अधिकारीले बताए ।
मासिक चार लाख बराबरको निगुरो स्थानीयसँग सङ्कलन गरेर बजारमा लैजाने गरेको उनको उद्यमी महतोको भनाइलाई आधार मानेर उनले त्यति रकम आर्जन हुने अनुमान सुनाएका हुन् । ठूलो परिवारका भएका घरका स्थानीयले महिनामा एक लाख रुपैयाँसम्मको निगुरो टिप्ने गरेका उद्यमी महतोले बताए । रासस

# मोटरसाइकल चालकको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
पूर्वपश्चिम लोकमार्ग अन्तरगत पर्सा राष्ट्रिय निकुञ्जको आधाभार स्थित सडक खण्डमा शनिबार अपरान्ह कारले मोटरसाइकललाई ठक्कर दिदा मोटरसाइकल चालकको घटना स्थलमै मृत्यु भएको छ । वीरगंजबाट हेटौडातर्फ जादै गरेको विएबी ५०३५ नम्बरको कारले विपरित दिशाबाट आउदै गरेको बा ५८ प ४१४५ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा सर्लाही जिल्ला बागमती नगरपालिका वडा नम्बर ४ जिराईत टोल बस्ने ३५ बर्षिय मान बहादुर प्रधानको घटना स्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा मोटर साइकललाई ठक्कर दिने कारका चालक काठमाडौँ बस्ने ४० बर्षिय मनोज घिमिरेलाई प्रहरीले नियन्त्रणमा लिएर थप अनुसन्धान अगाडी बढाएको छ ।

# सरकारी कार्यालयको पुँजीगत खर्च ८४ प्रतिशत




**वीरगंज ।**
मधेश प्रदेश सरकार मातहत रहेका बाराका सरकारी कार्यालयले गत आर्थिक वर्ष २०८०–८१ मा कूल विनियोजित बजेटको ८३ दशमलव ६९ प्रतिशत अर्थात् दुई अर्ब २७ करोड दुई लाख ३७ हजार आठ सय ३४ रुपैयाँ रकम पुँजीगत खर्च गरेका छन् ।
मधेश प्रदेश सरकारले गत आवमा प्रदेश सरकार मातहतका १५ वटा सरकारी कार्यालय र १६ वटा स्थानीय तहका लागि पुँजीगत र चालुतर्फ दुवै गरेर तीन अर्ब ७० करोड ८० लाख सात हजार तीन सय ७० रुपैयाँ रकम विनियोजन गरेको थियो । प्रदेश लेखा एकाइ कार्यालयका प्रदेश कोष नियन्त्रक श्यामउदय ठाकुरले बाराका सरकारी कार्यालयले गत आवमा विनियोजित बजेटको चालु र पुँजीगत दुवैतर्फ गरेर ८१ दशमलव ०९ प्रतिशत अर्थात् तीन अर्ब ६९ लाख ५४ हजार तीन सय ९५ रुपैयाँ रकम खर्च भएको जानकारी दिए । 'गत आवमा बाराका सरकारी कार्यालयको चालु र पुँजीगत दुवैतर्फ गरेर समग्रमा ८१ दशमलव ०९ प्रतिशत खर्च भएको छ । गत आवको समग्रमा खर्च उत्साहप्रद रहेको छ' उनले भने, 'बाराका सरकारी कार्यालयको चालु खर्च ७४ दशमलव ०२ प्रतिशत छ ।' उनले बाराका सरकारी कार्यालयले गत आवमा पुँजीगत खर्च पनि उत्साहजनक ढङ्गले गरेको जानकारी दिए ।
प्रदेश सरकारले बाराका १६ पालिकाका लागि २० करोड ४२ लाख ३६ हजार रुपैयाँ बजेट विनियोजन गरेकामा सो अवधिमा १६ करोड ४२ लाख ३५ हजार छ सय ७९ रुपैयाँ रकम खर्च गरेका छन् । बाराका सरकारी कार्यालयले गत आवमा ११ करोड ११ लाख ७७ हजार चार सय २७ रुपैयाँ रकम सङ्कलन गरेका छन् । प्रदेश लेखा एकाइ कार्यालयको कार्यक्षेत्र बारा र पर्सा हुन् । रासस

सम्पादकीय

# अवैध क्यासिनो धन्दा, चलाइहालौं कानूनी डन्डा

*बारा र पर्सामा सञ्चालनमा रहेका क्यासिनोले फोन गरेरै ग्राहकलाई बोलाएको विषय यतिबेला चर्चामा छ । ग्राहक अभाव हुँन थालेपछि आफ्नो क्यासिनो चलाउन फोन गरी गरी बोलाउने कार्यमा सरोकारवाला मौन बसेको विषयले थप अचम्मित हुनु परेको छ । वीरगंज महानगर, सिमरा जीतपुर उपमहानगरदेखि बारा–पर्साका नाम चलेका पत्रकार र स्थानीय प्रहरी अधिकारीको संरक्षणमै यस्तो अपराध भएको सुनिन लज्जाको विषय हो । अपराध कर्मलाई रोक्नका लागि खबरदारी गर्नुपर्नेमा आफ्नो सिमित स्वार्थका लागि उल्टो उनीहरुसँगै मिलेमतोमा रमाउनु लोकनिन्दा र चिन्ताकै विषय हो । त्यसमा पनि गैर कानूनी ढङ्गको बाटोबाट क्यासिनोमा नेपाली नागरिकलाई सामेल गराउँदै केही पक्ष स्वार्थको रोटी सेक्न उद्यत हुनु अर्को गम्भीर चिन्ताको विषय बन्न पुगेको छ । कानूनमा नेपाली नागरिकले क्यासिनो खेल्न र क्यासिनो स्थलमा प्रवेश गर्न नपाउने भनिएको छ । तर बारा–पर्साका क्यासिनोमा ग्राहक बनेर भारतीय आवरणमा नेपाली नागरिक नै पुग्ने गरेको तथ्य उजागर भएका छन् । नेपाली नागरिकलाई भारतीय भएको काजात खुल्ने प्रवेशपत्र बनाएर क्यासिनोमा उनीहरुबाट आफ्नो व्यवसाय चलाउने अपराधिक कर्म गर्नु दण्डनीय अपराध नै हो । क्यासिनोमा पैसा वा अन्य मूल्यवान वस्तुहरूलाई दाउमा लगाएर खेलिएका खेलबाट मनोरञ्जन त पाइएला तर यसबाट सकारात्मक भन्दा नकारात्मक प्रभावहरू बढी पाइन्छन् । छँदा खाँदाको आर्थिक हैसियत बिग्रिन गई यसबाट परिवारलाई सडकमै ल्याएका उदाहरण धेरै सुन्न र देख्न पाइएको छ । फोन गरेरै बोलाउने र पछि लत नै बसालिदिएपछि आफैं त्यहाँ समय र पैसा उडाउने अवस्था निम्ताउने काममा बारा तथा पर्साका केही क्यासिनोवालाहरु भित्रभित्रै लागिपर्नु खेद जनक छ । क्यासिनो जान थालेपछि मानिसमा तनाव, चिन्ता, र डिप्रेशन जस्ता मानसिक समस्याहरू सृजना हुनसक्छ । यसले वित्तीय अस्थिरतामात्रै खडा गर्दैन परिवारबाट बहिस्करणमा पार्ने जोखिम उत्तिक्कै हुन्छ ।*

*बारा र पर्सामा अहिले क्यासिनो धन्दा चलाउन जुन प्रकारको भित्रैभित्रै चलाइएको सेटिङ छ, यसलाई भत्काउन सम्बन्धित निकायले ढिलाई गर्नुहुन्न । प्रहरी र पत्रकारले खबरदारी गर्न छाडेर यस्ता गलत धन्दाको पछि लाग्छन् भने उनीहरुलाई पनि समाजमा नाङ्गेझार बनाइनुपर्छ । जुवाघरसँग असुलेको मोटो रकमले उनीहरुको केही बसाइलाई स्वादिलो त बनाउनसक्ला तर समाजका अगाडी भोलि एक शब्द पनि बोल्न नसक्ने गरी मुख छोपेर हिड्नुपर्ने दिन आउँनसक्छ । अहिलेको स्थानीय सरकार यस विषयमा अझ बढी जिम्मेवार र चनाखो हुनुपर्नेमा वीरगंज महानगरले मौनता साँध्नु हुँदै हुँदैन । नागरिकको मन जित्ने गरी काम गरिरहेका वीरगंजका मेयरलाई यस विषय उजागर भएपश्चात हेर्ने नागरिक नजर नै फरक पर्न थालेको विश्लेषण भइरहेको छ । वीरगंजको मुख्य बजारमै मनोरञ्जनका नाममा क्यासिनो खोल्ने र अवैध बाटोबाट नेपाली नागरिकलाई त्यसमा सामेल गराई आफ्नो स्वार्थ पूरा गर्ने कर्मलाई अब टुलुटुल हेरी बस्ने होइन । जो सुकैको संरक्षण र लेनदेनमा यस्ता आपराधिक गतिविधी गरिएको भएपनि दोषीलाई कानुनी कठघरमा उभ्याइनुपर्छ ।*

# बालअधिकारः हामी कहाँ छौं ?



पुनिता कुमारी साह

**के हो बालअधिकार ?**

बालअधिकार भन्नाले सबै बालबालिकाले अपभोग गर्ने आधारभूत अधिकार र स्वतन्त्रता हो। बालबालिकाको राष्ट्रियता, जाति, धर्म, वा आर्थिक अवस्था आदि कुनै पनि आधारमा ती अधिकारको उपभोगमा फरक पार्दैन । यी अधिकारमा जीवनको अधिकार, स्वास्थ्य, शिक्षा, पारिवारिक जीवन, खेलकूद, मनोरञ्जन, स्तरीय जीवन यापन तथा कुनै पनि प्रकारका नोक्सानीबाट सुरक्षा पाउने अधिकार समावेश हुन्छन् । बालअधिकारको अवधारणा बालबालिकाको शारीरिक र मानसिक अपरिपक्वताका कारण विशेष सुरक्षा र हेरचाहको आवश्यकतालाई मान्यता दिने जगमा आधारित छ।

**बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनी व्यवस्था**

बालअधिकारको संरक्षण र प्रवर्द्धनका लागि विभिन्न अन्तर्राष्ट्रिय कानूनी व्यवस्था छन् । सन् १९८९ को संयुक्त राष्ट्र बाल अधिकार महासन्धि (युएनसीआरसी) सबैभन्दा महत्वपूर्ण कानूनी दस्तावेज हो । १९६ देश हस्ताक्षरकर्ता रहेको यो सन्धि इतिहासमा सबैभन्दा धेरै देशहरूले अनुमोदन गरेको मानव अधिकार सम्बन्धी सन्धि हो । यो सन्धिले बालबालिकाको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, र सांस्कृतिक अधिकारहरू परिभाषित गरेको छ, र बालबालिकाको सर्वोत्तम हित तथा भेदभावरहित जीवनको अधिकार सुनिश्चित गरेको छ।

युएनसीआरसी भन्दा पहिले, बालबालिकाका अधिकारलाई मान्यता दिने पहिलो अन्तर्राष्ट्रिय दस्तावेज १९२४ को जेनेभा बालअधिकार घोषणापत्र हो। त्यसपछि, १९५९ मा बालअधिकार घोषणापत्र पारित भयो । युएनसीआरसीका साथै, अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को बाल श्रम सम्बन्धी महासन्धिको दफा नं. १८२ र युएनसीआरसीका वैकल्पिक प्रोटोकलहरूले बाल तस्करी, बाल वेश्यावृत्ति, र सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता लगायत पक्ष समेटेका छन्।

**बालअधिकारको स्थिति**

विश्वव्यापी रूपमा, बालबालिकाको अवस्था सुधारका दिशामा केही महत्वपूर्ण प्रगति भएको छ। युएनसीआरसी र अन्य अन्तर्राष्ट्रिय सम्झौताको कार्यान्वयनले लाखौं बालबालिकालाई शिक्षा, स्वास्थ्य सेवा, र शोषणबाट सुरक्षा प्रदान गरेको छ। तथापि, चुनौतीहरू अझै बाँकी छन्, विशेष गरी द्वन्द्वग्रस्त क्षेत्रहरू र प्राकृतिक प्रकोपबाट प्रभावित क्षेत्रहरूमा । बाल श्रम, बाल विवाह, तस्करी, र बालबालिका विरूद्ध हिंसा जस्ता मुद्दाले अझै पनि लाखौं बालबालिकालाई प्रभावित गरिरहेका छन्।

संयुक्त राज्य अमेरिका जस्ता विकसित देशहरूमा बालअधिकार सामान्यतः निक्कै सुरक्षित मानिन्छन्, जसमा शिक्षा, स्वास्थ्य सेवा, र बाल कल्याणका लागि व्यवस्थित प्रणाली छन् । तर विडम्बना, संयुक्त राज्य अमेरिका युएनसीआरसी अनुमोदन नगर्ने विश्वका केही देशहरूमध्ये एक हो। तर पनि, अमेरिकी कानूनहरू युएनसीआरसीका धेरै प्रावधान सँग मेल खान्छन्, जसले बालबालिकालाई आवश्यक सेवा र सुरक्षा सुनिश्चित गरेको छ। तर पनि बाल गरिबी, गुणस्तरीय शिक्षामा पहुँच, र प्रणालीगत् असमानता जस्ता मुद्दाहरू अझै चुनौतीकै रूपमा कायम छन्।

एशिया र अफ्रिकाका अल्पविकसित देशहरूमा बालिअधिकारको स्थिति अझै जटिल छ। गरिबी, पूर्वाधारको अभाव, राजनीतिक अस्थिरता, र सीमित स्रोतहरूका कारण यी देशहरूमा बालबालिकाका अधिकार सुनिश्चित गर्न अनेक कठिनाइ भोग्नु परेको छ । उदाहरणका लागि, नेपालमा बाल श्रम, बाल विवाह, र गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवामा पहुँचको कमी अझै पनि मुख्य चुनौती छन्।

> *बालअधिकार भन्नाले बालबालिकाको मानव अधिकार र उनीहरूको विशेष संरक्षण भन्ने बुझिन्छ । यी अधिकारले बालबालिकाको जीवन, विकास, सुरक्षा लगायत जीवनका सबै पक्षलाई समेट्छ । बालअधिकार अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त अधिकारहरू हुन् । बालअधिकारले बालबालिकाको पालन– पोषण, हेरचाह, संरक्षण, र जिम्मेवार वयस्क बन्न चाहिने अवसरहरू सुनिश्चित गर्दछ ।*

**नेपालमा बाल शिक्षा तथा बाल स्वास्थ्य**

शिक्षा प्रत्येक बालबालिकाको मौलिक अधिकार हो । तर नेपालमा अझै पनि धेरै बालबालिकाले गुणस्तरीय शिक्षामा पहुँच पाएका छैनन् । सन् २०२१ को राष्ट्रिय जनगणना अनुसार, ५ देखि ९ वर्षका बालबालिकाको साक्षरता दर ८५.८ प्रतिशत छ भने १० देखि १४ वर्षका बालबालिकाको साक्षरता दर ९५.६ प्रतिशत छ । यी सकारात्मक सुधार भए पनि, ग्रामीण क्षेत्रमा विद्यालयहरूमा स्रोतको अभाव र सीमित पहुँच जस्ता चुनौती बाँकी छन्।

नेपाल शिक्षा तथ्याङ्क, २०२२ का अनुसार, कक्षा १ को भर्ना दर करिब ९५ प्रतिशत छ, तर विद्यार्थीहरू माथिल्लो कक्षामा पुग्ने बेला सम्म पढाइ छाड्ने दर बढ्दै जान्छ। कक्षा १० सम्म पुग्दा, भर्ना दर करिब ६० प्रतिशतमा झर्छ। यी तथ्याङ्कले बालबालिकाले माध्यमिक शिक्षा पूरा गर्नु अघि स्कूल छोड्ने गम्भीर स्थिति देखाउँछन्। यो उच्च 'ड्रपआउट' दर सरकारका लागि ठूलो चिन्ताको विषय बनेको छ । नेपालमा बालबालिकाको स्वास्थ्य स्थितिमा विगतका वर्षहरूका तुलनामा सुधार भएको छ। तर अझै धेरै चुनौतीहरू कायम छन्। २०२२ को नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण अनुसार, पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर १,००० जीवित जन्ममा २८ मा झरेको छ। अघिल्लो दशकहरूको दाँजोमा यो महत्वपूर्ण प्रगति हो। तथापि, कुपोषण अझै पनि गम्भीर समस्याका रूपमा छँदैछ । विशेष गरी ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच सीमित छ, र कतिपय बालबालिकाले आवश्यक खोप र चिकित्सा सेवा पाउन सकेका छैनन्।

**बालअधिकार सम्बन्धी नेपाल सरकारका नीति र कार्यक्रम**

नेपाल सरकारले बालअधिकार संरक्षण र प्रवर्द्धनका लागि विभिन्न नीति तथा कार्यक्रमहरू लागू गरेको छ । बाल अधिकार ऐन २०१८ ले युएनसीआरसीसँग मेल खाने कानूनी संरचना बनाएको छ। यो ऐनले नेपालमा बालबालिकाको अधिकार संरक्षणको लागि कानूनी ढाँचाका रूपमा काम गरेको छ । यो ऐनले शिक्षा, स्वास्थ्य, शोषणबाट सुरक्षा, र सांस्कृतिक तथा सामाजिक गतिविधिमा सहभागी हुने अधिकार लगायतका विभिन्न पक्षहरू समेटेको छ।

बालअधिकार कार्यान्वयनमा मद्दत गर्न, सरकारले विभिन्न कार्यक्रमहरू ल्याएको छ, जस्तै, सबै बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुधार गर्ने लक्ष्य राखेको विद्यालय क्षेत्र विकास योजना (एसएसडीपी), देशभरका बालबालिकालाई आवश्यक खोप उपलब्ध गराउने राष्ट्रिय खोप कार्यक्रम (एनआईपी), आदि। बाल श्रम निषेध र विनियमन ऐन २००० पनि कार्यस्थलमा बालबालिकाको शोषणबाट सुरक्षा प्रदान गर्ने महत्वपूर्ण कानूनी व्यवस्था हो।

नीति र कार्यक्रमहरू भए पनि, यिनको वास्तविक व्यवहारमा कार्यान्वयन भने कतिपय सन्दर्भमा अपर्याप्त छ । भ्रष्टाचार, स्रोतको अभाव, र राजनीतिक अस्थिरताले बालअधिकारको प्रभावकारी कार्यान्वयनमा बाधा पुर्याटएका छन्। ग्रामीण क्षेत्र र पिछडिएका समुदायमा धेरै बालबालिका शिक्षा, स्वास्थ्य सेवा र शोषणबाट सुरक्षा पाउन अनेक चुनौती सामना गर्नु पर्ने स्थिति कायम छ।

**बालअधिकारको संरक्षण र प्रवर्द्धनमा कहाँ चुक्दैछौँ हामी ?**

नेपालको बालअधिकारको संरक्षण र प्रवर्द्धनका प्रयासहरू उत्साहजनक छन्। तर अझै पनि कतिपय कमी कमजोरी कायम छन्। नीतिहरूको प्रभावकारी कार्यान्वयनको अभाव, अपर्याप्त स्रोत, र बाल विवाह तथा बाल श्रम जस्ता परम्परागत् अभ्यासहरूको निरन्तरता प्रमुख बाधकका रूपमा छन्। विशेष गरी ग्रामीण र दूरदराजका क्षेत्रहरूमा, बालबालिकाले गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, र शोषणबाट सुरक्षामा पहुँच प्राप्त गर्न गम्भीर चुनौतीहरूको सामना गर्नु गरेको स्थिति छ।

**अबको बाटो**

बालअधिकारको संरक्षण र प्रवर्द्धनका लागि नेपालले थप सुधारात्मक कदमहरू उठाउन आवश्यक छ । यसका लागि नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, बालबालिका लक्षित पर्याप्त वजेट विनियोजन, र परम्परागत् नराम्रा अभ्यासहरू अन्त्य गर्न सचेतनाका कार्यक्रमहरू आक्रामक रूपमा सञ्चालन गर्नु आवश्यक छ। यसका साथै, शिक्षा, स्वास्थ्य, र सामाजिक सुरक्षाका क्षेत्रमा थप सुधार गर्न अन्तर्राष्ट्रिय सहयोग र साझेदारी पनि आवश्यक छ। वास्तबमा बालअधिकारको संरक्षण र प्रवर्द्धन एक सतत् प्रयास हो, जसमा सरकार, गैरसरकारी संस्था, समुदाय, र अन्तर्राष्ट्रिय साझेदारहरूले मिलेर काम गर्न आवश्यक छ । बालबालिकाको सुनिश्चित भविष्यका लागि सबै पक्षहरूको प्रयास अपरिहार्य छ । (पुनिता कुमारी साह रूपनगर क्याम्पसमा बिबिएस दोश्रो वर्षकी छात्रा हुन् ।)
साभार – रूपनगर क्याम्पस फिचर सेवा

*(पुनिता कुमारी साह रूपनगर क्याम्पसमा बिबिएस दोश्रो वर्षकी छात्रा हुन् ।) साभार – रूपनगर क्याम्पस फिचर सेवा*

# किन कमजोर छ विद्यालय शिक्षाको नतिजा ?

**देवीराम आचार्य र विनोदप्रसाद पन्त**

राष्ट्रिय परीक्षा बोर्डले शैक्षिक वर्ष २०८० को कक्षा १० र कक्षा १२ को परीक्षा नतिजा प्रकाशन गरेपछि विभिन्न दृष्टिकोणबाट नतिजा विश्लेषण भइरहेको छ । कतिपय अवस्थामा एकले अर्कोलाई दोषारोपण पनि गरेका छन् । एकले अर्कोलाई दोषी देखाउने प्रचलन पुरानै हो, यो निरन्तर छ । नतिजा कमजोर हुनुमा धेरै पक्ष जिम्मेवार होलान् र जिम्मेवारीको मात्रा पनि फरक फरक होला । १९९० सालदेखि २०७१ सालसम्म चलेको प्रमाणीकरण विधि परिवर्तन गरी अक्षरांकन विधि लागू भयो। यसपछि गरेपछि २०७९ सम्मको ८ वर्ष नतिजाबारे खासै चर्चा भएन।

शैक्षिक वर्ष २०८० को नतिजामा सैद्धान्तिक र प्रयोगात्मक परीक्षामा अलग अलग न्यूनतम ३५ प्रतिशत प्राप्त गर्नैपर्ने व्यवस्था भयो । यसभन्दा कम अंक ल्याउने विद्यार्थी अवर्गीकृत (ननग्रेडेड) हुने भए। परिणाम स्वरूप एसइईमा सहभागी भएकामध्ये ५२ प्रतिशत विद्यार्थी ननग्रेडेड भए। यो नतिजा अनपेक्षित र अस्वाभाविक होइन। तथापि यसको बहस एक्कासि बढेको छ। स्वस्थ बहस हुनु, सबैले आआफ्नो जिम्मेवारी बोध गर्नु र सुधारको प्रयास गर्नु राम्रो अभ्यास हो। यथार्थ के छ भने, हाम्रो अभ्यासमा विगतमा यस्ता बहसहरू क्षणिक भए। बहसबाट नतिजा सुधारमा प्रणालीगत योगदान पुगेन। कक्षा १० को अन्तिममा हुने गरेको प्रवेशिका परीक्षामा १९९० सालदेखिको इतिहास हेर्दा हाम्रो शिक्षा प्रणालीको सिकाइस्तर सधैं कमजोर पाइन्छ। २०७१ सालसम्मको ८२ वर्ष अवधिमा ६० वर्षको उत्तीर्ण प्रतिशत ५० प्रतिशतभन्दा कम देखिन्छ। २०६८ सालदेखि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतकै शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सञ्चालन गरेको सिकाइ उपलब्धि परीक्षणका नतिजाहरूले सिकाइस्तरमा सुधार नभएको, माथिल्ला कक्षामा सिकाइस्तर कमजोर रहेको र सिकाइ उपलब्धिमा असमानता बढ्दै गएको देखाएका छन्।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको २०७८ सालको प्रतिवेदन अनुसार प्रारम्भिक कक्षा पठनसीप परीक्षणमा कक्षा ३ पूरा गरेका १९ प्रतिशत बालबालिकाले मात्र नेपाली भाषाको सरल अनुच्छेद पढ्न सके । पालिकास्तरबाट सञ्चालित कक्षा ८ को परीक्षाको नतिजा अझ कमजोर छ । धेरै पालिकाहरूले विद्यार्थीको यथार्थ नतिजा प्रकाशन नगरी अंक थपेर सोझै उत्तीर्ण गराएको पाइएको छ। यसरी कक्षा ८ मा कमजोर विद्यार्थीलाई कक्षोन्नति गर्दै जाँदा माथिल्लो तहको सिकाइ कमजोर हुनु स्वाभाविक नै हो । केही पालिकाले सार्वजनिक गरेका नतिजाहरूले कक्षा ८ को सिकाइ अवस्था संकटोन्मुख दोखाउँछन्। कक्षा १२ को हालै प्रकाशित नतिजाका सम्बन्धमा कक्षा १० को जति चर्चा भएन । नतिजा प्रकाशनमा नतिजासँग सम्बन्धित सबै तथ्यांकहरू सार्वजनिक पनि गरिएन । पालिकाहरूले पनि आफ्नो अन्तर्गतका विद्यालयको नतिजा र जिल्ला अनुसारका नतिजा सार्वजनिक गरेनन् । तथ्याङ्क सार्वजनिक नगर्नु यसका कमजोरी लुकाउनु हो। सार्वजनिक दबाब सिर्जना गर्न र सुधारको प्रयास गर्न तथ्यांकले सहयोग पुग्छ तर अधिकांश विद्यालयहरू नतिजा लुकाउँछन् । विद्यार्थीको सिकाइस्तर कमजोर छ, यो तथ्य सबैलाई थाहा छ। शैक्षिक वर्ष २०८० को एसइई र कक्षा १२ अन्तिम पररीक्षा दुवैको नतिजा अनपेक्षित होइन। यसअघिका एसइई तथा एसएलसी परीक्षाको नतिजा विश्लेषण गर्दा पनि यो नतिजा अस्वाभाविक लाग्दैन।

अर्को दृष्टिकोणबाट हेर्दा, विद्यालय तहको अन्तिम कक्षाको परीक्षामा सम्मिलित विद्यार्थीमध्ये आधाजसोलाई तिमी फेल भयौं भन्नु अत्यन्त चिन्ताजनक अवस्था हो । पहुँचमा र भौतिक सुविधामा धेरै सुधार भए पनि हाम्रो शैक्षिक अवस्थामा सुधार भएको छैन। यस्तो परिस्थितिमा एकले अर्कोलाई दोषारोपण गर्नुभन्दा के कति कारणले यस्तो अवस्था आयो र कसरी सुधार गर्न सकिन्छ भन्ने दृष्टिकोणबाट चिन्तन हुन सके आगामी दिनमा नतिजा सुधार गर्न सकिन्छ । नतिजा कमजोर हुनुका धेरै कारण छन् । विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक, शैक्षिक प्रशासन र व्यवस्थापनसँग सम्बन्धित कारण हुन सक्छन्। पाठ्यक्रम, मूल्यांकन र परीक्षा प्रणालीमा पनि समस्या हुन सक्छ । समस्या मात्र खोजी गर्दा सयौं होलान् तर कक्षाकोठामा शिक्षण सिकाइको सुधार, नतिजा केन्द्रित शिक्षण सिकाइ र शैक्षिक प्रणालीको जबाफदेहिता मुख्य पक्ष हुन्।

नतिजा कमजोर हुनुका कारण विद्यालय विशेष फरक पनि हुन सक्छन् । समग्रमा विद्यालय तहको नतिजा कमजोर हुनुमा आधारभूत तहको कमजोर सिकाइ; नयाँ पाठ्यक्रम र मूल्यांकन पद्धतिबारे अपर्याप्त अभिमुखीकरण; शिक्षक तयारी, विकास र सहयोगको कमजोर संयन्त्र; विद्यालय शिक्षामा अधिकांश स्थानीय सरकारको कम प्राथमिकता मुख्य कारण हुन् । विभिन्न कारणले विद्यार्थीहरूमा पढाइप्रतिको बढ्दो अरूचि अर्को एउटा कारण हो। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार नेपालको विद्यालय तहको पाठ्यक्रम र मूल्याङ्कन विधिमा परिवर्तन भएको छ। कक्षा १ देखि १२ सम्म परिवर्तित पाठ्यक्रम अनुसार शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन पद्धति लागू भएको छ। परिवर्तित पाठ्यक्रम अनुसार कक्षा १ देखि ३ सम्म पूर्ण रूपमा आन्तरिक मूल्यांकन हुन्छ। कक्षा ४ देखि १२ सम्म आन्तरिक र बाह्य मूल्यांकन हुन्छ जसमा फरक फरक अंकभार तोकिएको छ। परिवर्तित पाठ्यक्रम कार्यान्वयन भएको छ कि छैन, कसरी भएको छ भन्ने सन्दर्भमा व्यवस्थित अध्ययन भइसकेको छैन । आन्तरिक मूल्यांकनमा सबै विद्यार्थीले उच्च ग्रेड हासिल गर्नु र बाह्य मूल्यांकनमा कमजोर हुनुले मूल्यांकन पद्धतिमै समस्या रहेको देखाउँछ। परिवर्तित पाठ्यक्रम र मूल्यांकन अनुसार शिक्षण सिकाइ अभ्यास र मूल्यांकन विधिमा के कति फेरबदल भयो भन्ने खोजी भएको छैन।

यो आलेख तयार गर्ने क्रममा हामीले केही शिक्षक साथीहरूसँग अनौपचारिक छलफल गर्दा कक्षा १० मा अवलम्बन गरिएको नयाँ ग्रिडअनुसार विद्यार्थीको तयारी पर्याप्त छैन भन्ने प्रतिक्रिया पायौं।

एकजना गणित शिक्षकले आफ्ना अनुभव यसरी सुनाउनुभयो – मेरा विद्यार्थीहरू गणितीय समस्या समाधान गरी सही उत्तर निकाल्न अभ्यस्त छन्। तर सन्दर्भ बुझेर उक्त सन्दर्भमा आधारित उपप्रश्नहरूको समाधानमा अलमलिन्छन् । गणितमा यसरी प्रश्न सोध्ने तरिका ठीक भए पनि तल्लो कक्षाबाट त्यस्तो अभ्यास नहुँदा माथिल्लो कक्षामा विद्यार्थीहरूले अप्ठ्यारो मानेको जस्तो देखिन्छ। अब केही वर्षपछि यस्तो समस्या नआउला किनभने अब तल्लो कक्षाबाटै सन्दर्भमा आधारित भएर उपप्रश्नहरू सोध्ने अभ्यास सुरू भएको छ।

अर्का गणित शिक्षकले थोरै असन्तुष्टि जनाउनुभयो – प्रश्न सोध्ने तरिकामा फरकपन ल्याएपछि त्यस्तै किसिमका पर्याप्त अभ्यासहरू किताबमा हुनुपर्ने हो । किताब बनाउँदा थोरैबाहेक पुरानै शैली छ। मूल्याङ्कनमा मात्र फरक शैली अपनाउँदा नतिजा कमजोर भएको हो। शिक्षकका भनाइले नयाँ पाठ्यक्रम र मूल्याङ्कन ग्रिडमा अभिमुखीकरण पर्याप्त नभएको सङ्केत गर्छ। पाठ्यक्रम प्रबोधीकरणका कार्यक्रम शिक्षा, विकास तथा समन्वय इकाइबाट; शिक्षा तालिम केन्द्रबाट र पालिकाहरूबाट भइरहेको छ । तैपनि किन प्रभावकारी बन्न सकेन त भन्ने प्रश्न पेचिलो बनेको छ।

सिकाइ सुधारका लागि शिक्षकको पेसागत विकासका विभिन्न ढाँचाहरू प्रयोगमा छन् । शिक्षकको सक्षमता तोकिएको छ। संघ, प्रदेश र स्थानीय तहबाट पनि शिक्षामा लगानी थप भएको छ । अधिकांश विद्यालयको भौतिक पूर्वाधारमा सुधार भएको छ। विद्यालयमा इन्टरनेटको पहुँच पनि बढ्दै छ।

तैपनि नतिजा सुधार भएको देखिँदैन । विद्यालयगत सिकाइका भिन्नताहरू केही अनौठा पनि छन् । एउटा शिक्षकले पाठ्यक्रम, तालिम, अभिभावक, सरकारका कारणले नतिजा कमजोर भयो भनेको हुन्छ। अर्को शिक्षकले पढाएको विषयमा सबै विद्यार्थीको उत्कृष्ट नतिजा आएको पनि देखिन्छ । उस्तै परिवेश र स्रोतसाधन भएका ग्रामीण क्षेत्रका एउटै वडाका दुई विद्यालयको नतिजामा पनि ठूलो भिन्नता देखिन्छ। सिकाइ सुधारका लागि शिक्षकको पेसागत विकास ढाँचा, विधि र पद्धतिमा परिवर्तन आवश्यक छ । पाठ्यक्रम प्रबोधीकरणलाई औपचारिकताबाट बाहिर निकाली प्रत्येक शिक्षकमा पुग्ने व्यवस्था गर्न जरूरी छ । शिक्षक आफैले पनि खोजी गर्ने बानी विकास गर्नु आवश्यक भएको छ । विद्यालय अनुगमन तथा शिक्षक सहायता प्रणाली पुनर्संरचनासहित कार्यान्वयनमा ल्याउनुपर्नेछ । विद्यालयको नेतृत्वका लागि क्षमता विकास र उत्प्रेरणाका नयाँ विकल्पहरू खोजी गर्नुपर्नेछ।

आधारभूत तहबाटै विद्यार्थीको सिकाइ सुनिश्चित गर्नु, सिकाइमा जबाफदेयी हुने पद्धति बसाल्नु र लगानीलाई सिकाइसँग जोड्ने गरी प्राथमिकीकरण गर्नु आवश्यक छ। शिक्षकको क्षमता विकास, सहायता पद्धति, उत्प्रेरणा र जवाफदेहिता अभिवृद्धि गर्नु पनि उत्तिकै आवश्यक छ। तीन तहका सरकारबीच लगानीको साझेदारी र सिकाइस्तर सुधारमा समन्वय र सहकार्यमूलक पद्धति चाहिएको छ । अभिभावकको सहभागिता र विद्यालय व्यवस्थापन समितिको भूमिका थप प्रभावकारी बनाउनु आवश्यक छ। सिकाइ वातावरण सुधार, न्यूनतमरूपमा योग्य शिक्षक र शैक्षिक सामग्री व्यवस्थापनमा प्राथमिकता चाहिएको छ । यसरी सबै तहको सिकाइमा सबै सरोकारवाला जबाफदेयी हुने संयन्त्रमार्फत मात्र सुधार सम्भव छ। – सेतोपाटी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# एमाले सचिवालय बैठक बिहीबार



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)को सचिवालय बैठक आगामी बिहीबार बस्ने भएको छ ।

एमाले केन्द्रीय कार्यालयका सचिव डा. भीष्म अधिकारीका अनुसार बैठक ललितपुरको च्यासलस्थित पार्टी मुख्यालयमा बिहीबार दिउँसो १ बजे बस्ने छ ।

सचिवालय बैठकका 'एजेन्डा' तय गर्न आइतबार केन्द्रीय कार्यालयमा कार्यालय बैठक बसेको थियो ।

महासचिव शङ्कर पोखरेलको अध्यक्षतामा बसेको कार्यालय बैठकले सचिवालय बैठकका लागि पार्टीको वार्षिक कार्यायोजना र समसामयिक राजनीतिक विषयका एजेन्डा तय गरेको छ । बैठकमा महासचिव पोखरेलसहित उपमहासचिवहरु, सचिवहरु र कार्यालय सचिव सहभागी रहेको एमालेले जनाएको छ । रासस

# भ्रष्टाचार नियन्त्रणका विषयमा प्रधानमन्त्री ओलीको यस्तो निर्देशन !

**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले तस्करी र भ्रष्टाचार नियन्त्रणमा प्रभावकारीरुपमा काम गर्न निर्देशन दिएका छन् ।

राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण विभाग, सार्वजनिक खरिद अनुगमन कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय अनुसन्धान विभाग, नेपाल ट्रष्टलगायत कार्यालयलाई आइतबार तस्करी, भ्रष्टाचार र राज्यको सम्पत्तिको दुरुपयोग नियन्त्रणमा प्रभावकारीरुपमा काम गर्न निर्देशन दिएको उनको सचिवालयले जनाएको छ ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको वार्षिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा उनले विगतमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ३३ किलोसम्म सुन तस्कारी भएका घटना स्मरण गराउँदै सम्बन्धित निकाय जिम्मेवार नहुँदा राज्यले ठूलो राजस्व गुमाएको र बेथिति हुर्किएको उल्लेख गरे । 'अब त्यस्ता गतिविधि सैह्य हुँदैन, तस्करी भइरहन सम्भव छैन । तपाईँहरु जसको जे जिम्मेवारी हो, त्यो पूरा गर्न दृढताका साथ लाग्नुस् । कार्यक्षेत्र निर्धारणमा समस्या भएमा पनि ल्याउनुस् । देशलाई बर्बाद हुनबाट जोगाउनुस् । जनतालाई आशा र विश्वास दिने काम गर्नु', प्रधानमन्त्री ओलीले भने,'आफ्नो प्रभावकारी औचित्य स्थापित गर्न नसक्ने हो भने भने जागिर खानका लागि मात्रै राज्यका निकायहरु खडा गरेर राखिरहनुपर्छ भन्ने छैन ।' उनले अझ राम्रोसँग काम गरुन् भनेर नै ती निकायहरुलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मातहतमा ल्याइएको स्पष्ट गरे ।

स्वदेशमा युवाहरुले काम पाउने र सम्मानका साथ काम गर्ने वातावरण हुने गरी काम गर्न निर्देशन दिए । 'लोकतान्त्रिक मूल्य, मान्यताका साथ सुशासन विकास आवश्यक छ । जनताका समस्या सम्बोधनका साथै विकास र समृद्धिको लक्ष्य हासिल गर्न दृढ र कटिबद्ध भएर प्रस्तुत हुनुहोस्', उनले भने ।

मुख्यसचिव लीलादेवी गड्तौलाले प्रधानमन्त्री कार्यालयसँग सम्बन्धित काममा गत आर्थिक वर्षमा निर्धारण गरिएका लक्ष्यमध्ये ६३ प्रतिशत पूरा हुनु र पुँजीगत खर्च ४८ दशमलव ८९ प्रतिशत मात्र हुनु सुखद् नभएकाले कमीकमजोरीको पहिचान गरी आगामी दिनमा प्रभावकारीरुपमा काम गर्नुपर्ने बताइन् । बैठकमा प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा. युवराज खतिवडा, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा. ड शिवराज अधिकारी,सचिवहरुलगायत उपस्थित थिए । रासस

# माविसम्मको शिक्षा अनिवार्य र निःशुल्क बनाउने योजना छः मन्त्री भट्टराई



**काठमाडौँ ।**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले माध्यमिक तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क बनाउने सरकारको योजना रहेको बताएकी छिन् ।

राष्ट्रिय शिक्षा दिवस–२०८१ मूल समारोह समितिको आइतबारको बैठकलाई सम्बोधन गदै उनले सो व्यवस्था कार्यान्वयनका लागि शिक्षासम्बन्धी ऐन–कानूनको प्रभावकारी कार्यान्वयन र समयानुकूल परिमार्जन गर्दै जाने प्रतिबद्धता व्यक्त गरिन् ।

मन्त्री भट्टराईले दिवसलाई आआफ्नो तहबाट सप्ताहव्यापी कार्यक्रम तय गरी मनाउन अनुरोध गरिन् । यसैगरी उनले प्रदेशस्तरमा शिक्षा दिवसका कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्न प्रदेश सरकार, मुख्यमन्त्रीको कार्यालयलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत अनुरोध गरी पठाउने र प्रदेशका शिक्षा हेर्ने मन्त्रालयलाई शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले पत्राचार गर्ने बताए ।

दिवसलाई भव्य र सभ्य बनाउने उद्देश्यले सरोकार भएका मन्त्रालय, संघ/संस्था र अन्य सम्बन्धित निकायसँग आइतबार छलफल गरिएको हो । बैठकमा राष्ट्रिय शिक्षा दिवस मनाउने सम्बन्धमा मन्त्रालयबाट हालसम्म भएका कामकारवाही, दिवसका आदर्श वाक्य तय, विभिन्न उपसमिति गठन गर्ने सम्बन्धमा छलफल भएको थियो । बैठकले राष्ट्रिय शिक्षा दिवस मनाउने सन्दर्भमा सम्बन्धित विभिन्न निकाय र तहलाई अनुरोध गर्ने निर्णयसमेत गरेको छ । दिवसको मूल आयोजक समितिमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सदस्यहरू, विभिन्न पालिकाका प्रमुख, नेपाल प्रज्ञा–प्रतिष्ठानका कुलपति, विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष, त्रिभुवन विश्वविद्यालयका उपकुलपति र नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति सहित एक सय ३० जना विभिन्न सरोकारवाला संघसंस्थाका प्रतिनिधिहरु सदस्य रहेका छन् ।

नेपाल विद्याभूषण, नेपाल प्रविधि विद्याभूषण, नेपाल छात्रा विद्यापदक र राष्ट्रिय शिक्षा पुरस्कारसम्बन्धी निर्देशिका, २०७७ बमोजिम दिवशका अवसरमा प्रदान गरिने पुरस्कारका लागि यसअघि नै निवेदन माग तथा सम्बन्धित निकायबाट नाम सिफारिस गरी पठाउन सार्वजनिक सूचना जारी गरिनुका साथै सम्बन्धित निकायमा पत्राचार गरिसकेको त्यस अवसरमा जानकारी दिइयो । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार प्रत्येक वर्ष असोज २ गते राष्ट्रिय शिक्षा दिवस मनाउन थालिएको हो । रासस

# 'भूकम्प प्रभावितलाई अवरोधरहित राहत उपलब्ध गराउँछौँ'

**काठमाडौँ ।**
राष्ट्रियसभाको आइतबारको बैठकमा गृहमन्त्री रमेश लेखकले जाजकारकोट भूकम्प प्रभावितले सहज रूपमा राहत उपलब्ध गराउन सरकार दत्तचित्त भएर लागिरहेको बताएका छन् ।

बैठकमा 'कर्णाली प्रदेशका भूकम्प प्रभावित जिल्लाको स्थलगत अध्ययन अवलोकन तथा अनुगमनसम्बन्धी प्रतिवेदन, २०८१ माथि छलफल गरियोस्' भन्ने प्रस्तावमाथि सांसदहरूले उठाएको जिज्ञासाको जवाफमा उनले भूकम्प प्रभावित नागरिकलाई अवरोधरहित राहत दिलाउनका लागि सरकारले कुनै कसर बाँकी नराख्ने बताए ।



गृहमन्त्री लेखकले विपद् प्रभावित क्षेत्रमा कुनै कमी कमजोरी हुन नदिई कार्य गर्नेसमेत विश्वास दिलाए । विपद्पछिको पुनःनिर्माण गर्न तीनवटै तहका सरकारले समन्वयात्मक रूपमा काम गर्ने वातावरण बनोस् भन्नेमा पनि आफूहरु सचेत रहेको उनको कथन छ । कार्यविधि र मापदण्डलाई व्यावहारिक बनाउँदै जटिलता हटाउने, सहज रूपमा लाभ प्राप्त हुने वातावरण बनाउन सरकार गम्भीर र जिम्मेवार रहेको गृहमन्त्रीले बताए । रुकुमपश्चिमका ३२ हजार नौ सय ९६ घरपरिवारमध्ये १६ हजारले पहिलो किस्ताबापत ४० करोड रुपैयाँ बराबरको रकम भुक्तानी पाएका छन् । यस्तै, जाजकारकोटका ४८ हजार पाँच सय १६ घरपरिवारमध्ये ४० हजार ४१ परिवारले एक अर्ब १० लाख रुपैंयाँ बराबरको भुक्तानी गरिएको छ । दोस्रो किस्ताका लागि योग्य एक हजार ३९ परिवारका लागि थप निकासा भएको गृहमन्त्री लेखकले जानकारी दिए ।

सल्यानका कुल चार हजार चार सय १७ घरपरिवारका लागि पाँच करोड चार लाख २५ हजार रुपैंया बराबरको भुक्तानी भएको बताउँदै थपिएका लाभग्राहीलाई आवश्यक प्रक्रिया अगाडि बढाइएको गृहमन्त्री लेखकले जानकारी दिए ।

सुरक्षित स्थानको पहिचान, स्थानान्तरणलगायत विषयलाई सरकारले महत्व दिएको, स्थानीय तहको समन्वयमा आवश्यक स्थानमा सुरक्षित बासस्थान निर्माणमा ध्यान दिइएको उनले उल्लेख गरे । भूकम्प प्रतिरोधी भवन तथा आवास निर्माणका लागि आवश्यक प्रबन्ध भइसकेको उनले जानकारी दिए ।

भूकम्प र मनसुनजन्य विपद्बाट भत्किएका सडक तथा अन्य पूर्वाधार निर्माणमा सरकारले तदारुकताका साथ काम गरिरहेको उल्लेख गर्दै उनले अस्थायी प्रबन्ध गरेर पठनपाठन हुने व्यवस्था गरिएको, स्वास्थ्य संस्थालाई पुनःनिर्माण र सहज सञ्चालनमा विशेष ध्यान दिई आवश्यक सेवा प्रदान गर्ने गरी प्रबन्ध गरिएको जानकारी दिए । त्यसअघि सांसद् उर्मिला अर्यालले भूकम्प प्रभावितलाई प्रभावकारी रूपमा बासस्थानको व्यवस्था गर्नेगरी अभिभाकत्व लिन, सहज रूपमा खाद्यान्न उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराइन् । सांसद नरबहादुर विष्टले भूकम्पबाट प्रभावित रुकुमपश्चिम, सल्यान र जाजकारकोटका नागरिकले राहत नपाएको, कठोर कार्यविधिका कारण पुनःनिर्माणको काम हुन नसकेको बताए । सांसद गोपाल भट्टराईले जाजरकोट भूकम्पको कुरा गर्दा बाजुरा र बझाङ भूकम्प प्रभावितको विषयलाई छुटाउन नहुने उल्लेख गरे ।

सांसद श्रीकृष्ण अधिकारीले भूकम्प प्रभावितले सहज राहत पाउन नसक्नुको पछाडि सरकारले तय गरेको संरचना र कार्यविधि रहेको बताए । सांसद उदयबहादुर बोहोराले स्थलगत अध्ययनका क्रममा पहिलो किस्तासमेत प्राप्त नगरेको, सामान्य राहत तथा कुनै पनि क्षतिपूर्ति पाउन नसकेको उल्लेख गर्दै आवास निर्माणका लागि सहज कानुनी प्रबन्ध गर्न माग गरे ।

सांसद गङ्गाकुमारी बेल्वासेले भूकम्प प्रभावित नागरिक वर्षा र जाडोमा कष्टकर जीवन बिताउन बाध्य भएका भन्दै सरकारले समस्या समाधान गर्दै सुरक्षित बासस्थानको व्यवस्था गर्नुपर्नेमा जोड दिए ।

सांसद कृष्णबहादुर रोकायाले कतिपय भूकम्प प्रभावितको आवास निर्माणका लागि आवश्यक जग्गा नभएको र अस्थायी टहरा बाढीले बगाएका कारण समस्या पैदा भएको विषय संसद्मा जानकारी गराए । सांसद भुवनबहादुर सुनुवारले पटकपटक भूकम्प प्रभावित नागरिकको दैनिक जीवन कष्टकर भएको भन्नेबारेमा सदन र सडकमा विषय उठे पनि सरकारी निकायले कुनै सुनुवाइ नगरेको गुनासो गरे । सांसद सुमित्रा बिसीले भूकम्प प्रभावितले राहत पाउन नसक्नुको पछाडि अव्यवाहारिक एवम् अवैज्ञानिक कार्यविधि जिम्मेवार रहेकाले तत्काल त्यसमा संशोधन जरुरी रहेको बताइन् । सांसद गोपीबहादुर सार्की अछामीले स्थायी र दिगो बस्ती पुनःनिर्माणका लागि तदारुकता दिनुपर्नेमा जोड दिए ।

गत कात्तिक १७ गते जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पमा परी जनधनको क्षति भएको थियो । कर्णाली प्रदेशका भूकम्प प्रभावित जिल्लाको स्थलगत अध्ययन अवलोकन तथा अनुगमनसम्बन्धी प्रतिवेदन, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव संसद्मा प्रस्तुत गरिएको थियो । सार्वजनिक नीति तथा प्रत्योजित विधायन समितिका सभापति मायाप्रसाद शर्मा नेतृत्वको टोलीले भूकम्प प्रभावित क्षेत्रको स्थलगत अनुगमन गरेको थियो ।

यस्तै, बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएकोसम्बन्धी पत्रको व्यहोरा जानकारी गराइएको थियो । साथै राष्ट्रिय समावेशी आयोगको पाँचौँ वार्षिक प्रतिवेदन, २०७९÷८० सभामा पेश गरिएको छ । राष्ट्रियसभाको अर्को बैठक यही भदौ १३ गते बिहीबार दिउँसो १.१५ बजे बस्नेछ । रासस

# दोरम्बा पहिरोका विषयमा अध्यक्ष दाहालको ध्यानाकर्षण

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले रामेछापको दोरम्बामा आइतबार खसेको भीषण पहिरोमा परेकाहरुको उद्धार र उपचार प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराएका छन् ।

अध्यक्ष दाहालले रामेछापको दोरम्बा शैलुङ गाउँपालिका–३, टोकरपुरको लेकखर्कमा पहिरोमा परी छजनाको दुखद निधन, चारजना बेपत्ता र एकजना घाइते भएको तथा चारवटा घर पूर्णरुपमा क्षतिग्रस्त भएको खबरले स्तब्ध बनाएको बताएका छन् ।

उनले सामाजिक सञ्जालमार्फत यो घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै उद्धार, उपचार र राहतमा प्रभावकारी पहल गर्न सरकारको ध्यानाकर्षण गराएका हुन् ।

उनले प्राकृतिक प्रकोपका मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेका छन् । उद्धारमा जुटेका पार्टीका सबै नेता कार्यकर्तालाई धन्यवाद दिँदै जनसेवामा निरन्तर जुट्न उनले आग्रह गरेका छन् । रासस

# राष्ट्रियसभाः तोकिएकै समयमा पूर्वाधार निर्माणमा जोड

**काठमाडौँ ।**
राष्ट्रियसभा सदस्यहरुले तोकिएको समयमा नै पूर्वाधार निर्माण हुनुपर्नेमा जोड दिएका छन् । राष्ट्रियसभाको आइतबारको बैठकमा उनीहरुले ठेकेदारको लापरबाही रोकेर तोकिएकै समयमा पूर्वाधार निर्माण सम्पन्न हुनुपर्नेमा जोड दिएका हुन् ।

विशेष समयमा बोल्दै राष्ट्रियसभा सदस्य सुमित्रा बिसीले आर्थिक वर्षको अन्तिममा हतारमा काम गर्दा गुणस्तरीय काम हुन नसकेको बताइन् । उनले मध्यपहाडी क्षेत्रका नागरिकलाई लाभ पु¥याउने लक्ष्यका साथ मध्यपहाडी राजमार्ग निर्माणको काम अगाडि बढे पनि एक दशकसम्म पनि पुल नबन्दा सुविधा पाउन नसकेको बताइन् । 'कालोपत्र भइसके पनि पुल निर्माण हुन नसक्दा आवतजावतमा समस्या भएको छ,' उनले भनिन् ।

सांसद रेणु चन्दले बाढी तथा पहिरोका कारण नागरिकको मृत्यु भएको उल्लेख गर्दै सरकारले जोखिम न्यूनीकरण गर्न पर्याप्त तयारी गर्नुपर्ने बताइन् । पूर्वतयारीका लागि लगानी बढाउन उनले सरकारलाई सुझाव दिइन् ।

सांसद युवराज शर्माले दिगो विकासको लक्ष्य पूरा गर्न सरकारले तत्परता देखाउनुपर्नेमा जोड दिए । 'सरकारले निजी क्षेत्रका माग पूरा गर्ने नीति लिनुपर्छ,' उनले भने ।

सांसद उदयबहादुर बोहोराले समयसापेक्ष संविधान संशोधन गर्न आवश्यक रहेको उल्लेख गर्दै तर यसमा साना दललाई पनि समावेश गर्न सरकारलाई सुझाव दिए । 'संविधान संशोधन गर्नुहुँदैन भन्ने होइन्, कुन कुन विषयमा संशोधन गर्ने ? कुन लक्ष्यका साथ गर्ने ? भन्ने विषय महत्वपूर्ण छ,' उनले भने, 'सबैको सहमतिमा मात्रै संविधान संशोधन हुनुपर्छ ।'

सांसद वामदेव गौतमले हिमताल फुट्दा धेरै धनजनको क्षति हुनसक्ने भन्दै जोखिम न्यूनीकरणका लागि समयमा नै पहल गर्न सरकारसँग माग गरे । 'हिमताल फुट्छ भनेर अध्ययन भइसकेको छ, फुट्छ तर नफुट्ने गरी जोखिम न्यूनीकरण गर्न सकिन्छ । फुटे पनि कम क्षति गर्न सकिन्छ,' उनले भने, 'उपाय खोजौँ । जोखिम भएका बस्तीलाई स्थानान्तरण गरौँ ।'

सांसद भुवनबहादुर सुनुवारले १६औँ पञ्चवर्षीय योजनामा बजेटको व्यवस्था गरेर जातीय विभेद अन्त्य गर्नका लागि सरकारसँग आग्रह गरे । 'जातीय विभेद अन्त्य हुनु जरुरी छ, यसका लागि सरकारका नीति तथा कार्यक्रममा यी विषयवस्तु प्रथामिकतामा राखिनुपर्छ,' उनले भने, 'दलित समुदायको हक अधिकार स्थापित गर्न कानुन नै संशोधन गरिनुपर्छ ।'

सांसद पदमबहादुर परियारले पछिल्लो समयमा संस्कृति बिगार्ने किसिमले बजारमा ल्याइएका तीज गीतले समाजमा विकृति फैलाउने भन्दै नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण गराए ।

सांसद नरबहादुर विष्टले कर्णाली प्रदेशमा आगामी मङ्सिरमा हुने दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता समयमै सञ्चालन गर्नुपर्नेमा जोड दिए । उनले मूल्य वृद्धि नियन्त्रणका लागि सरकारले पहल थाल्नुपर्ने बताए । सांसद शारदादेवी भट्टले छाउ गोठमा बस्नुपर्ने बाध्यका कारण महिलाको अकालमै ज्यान गएको भन्दै कडाइका साथ छाउप्रथा अन्त्य हुनुपर्ने बताइन् । रासस

# ‘बैङ्किङ कसुरजन्य अपराधको कारबाहीका लागि नयाँ कानुन’

**काठमाडौँ ।**
अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बैङ्किङ तथा वित्तीय प्रणालीको कारोबारमा हुनसक्ने चेक अनादरजस्ता कसुरजन्य कार्यको अनुसन्धान, अभियोजन र कारबाहीलाई व्यवस्थित एवं प्रभावकारी बनाउन ‘बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, २०८० संसद्मा दर्ता भएको बताएका छन् ।



प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिमा बोल्दै अर्थमन्त्री पौडेलले पछिल्ला दिनहरुमा बैङ्किङ कसुर र चेक अनादरसम्बन्धी घटना उल्लेख्य रुपमा बढेको बताए । यो घटनाको अनुसन्धान र अभियोजन प्रक्रियालाई थप व्यवस्थित गर्न यो विधेयक कानुनका रुपमा कार्यान्वयनमा आउनुपर्ने उनको धारणा छ । विधेयकले चेक अनादरजस्ता बैङ्किङ कसुरजन्य कार्यमा आर्थिक जरिवानालाई प्राथमिकतामा राखेको उनले जानकारी दिए ।
अर्थ समितिको आइतबारको बैठकमा सांसद डा. स्वर्णिम वाग्लेले बैङ्किङ कसुरमा जेल सजायभन्दा पनि आर्थिक जरिवाना गर्नेगरी कानुन आउनुपर्ने बताए । विश्वव्यापी रुपमा पनि चेक अनादरजस्ता अपराधमा आर्थिक जरिवानाको व्यवस्था रहेको उनको भनाइ छ ।
यस्तै, संसद् र संसदीय समितिका कार्यहरु प्रभावकारी रुपमा अघि बढ्न नसकेको डा. वाग्लेले बताए । संसद्मा दर्ता भएका र समितिमा छलफलमा आएका विधेयकहरु चाँडो टुङ्ग्याइनुपर्नेमा उनको जोड छ । अर्का सांसद पदम गिरीले संसद्को विधायिकी भूमिका कमजोर भएको धारणा राखे । समितिको बैठक प्रभावकारी हुन नसक्दा धेरैवटा विधेयक अड्किएर बसेको उनले बताए ।
गत वर्ष साउन २३ गतेको मन्त्रिपरिषद् बैठकले बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, २०८० को मस्यौदा स्वीकृत गरेको थियो । तत्कालीन अर्थमन्त्री डा.प्रकाशशरण महतले विसं २०८० असोज १६ गते यो विधेयक संसद्मा दर्ता गरेका थिए । चेक अनादरसम्बन्धी मुद्दामा फरक–फरक खालको कानुनी उपचारको अवस्था देखिएकाले यसलाई एकरुप बनाउनुपर्ने व्यहोराको सर्वोच्च अदालतको आदेश र महान्यायाधिवक्ताको कार्यालयको अध्ययनबाट समेत बैङ्किङ कसुर तथा सजाय ऐनलाई संशोधन गर्नुपर्ने सुझावका आधारमा सरकारले यो विधेयक तयार पारेको हो ।
कुनै व्यक्तिले आफ्नो खातामा रकम मौज्दात नभई चेक जारी गर्न नहुने व्यवस्था विधेयकमा राखिएको छ । ‘कसैले पनि आफ्नो बैङ्क खातामा रकम मौज्दात नभएको वा मौज्दात भए पनि भुक्तानीका लागि पर्याप्त छैन भन्ने जानाजान कसैलाई चेक जारी गरी दिन वा बैङ्कसँग त्यस्तो चेकको भुक्तानी माग गर्नुहुँदैन’, विधेयकमा भनिएको छ ।
चेकको भुक्तानी गर्न आवश्यक पर्ने रकम खातामा मौज्दात नदेखिएमा त्यस्तो चेक बैङ्क तथा वित्तीय संस्थाले धारकलाई नै फिर्ता दिनुपर्नेछ । यही चेक साट्न चाहने व्यक्तिले त्यस्तो चेक अनादर भएको प्रमाणित गराउन चाहेमा बैङ्कले बढीमा ३० दिनको म्याद दिई आफ्नो खातामा आवश्यक रकम जम्मा गर्न सम्बन्धित खातावालालाई सूचना दिई सो को अभिलेख राख्नुपर्ने व्यवस्था विधेयकमा राखिएको छ ।
त्यसरी सूचना दिएको जानकारी खुलाई बैङ्कले चेक फिर्ता गर्नुपर्नेछ । तीस दिनसम्ममा पनि खातामा पैसा उपलब्ध नभएमा चेक अनादर भएको प्रमाणित गर्नेसम्बन्धी प्रक्रिया अघि बढ्नेछ । ‘तीस दिनको म्याद समाप्त भएपछि चेक बोक्ने व्यक्तिले रकम भुक्तानी माग्दा खातामा आवश्यक रकम नदेखिएमा बैङ्कले तीन दिनभित्र सम्बन्धित खातावालाले चेक अनादर गरेको प्रमाणित गरी चेक फिर्ता दिनुपर्नेछ’, विधेयकमा उल्लेख छ ।
विधेयकमार्फत चेक अनादरसम्बन्धी बैङ्किङ कसुरको जरिवानामा संशोधन गर्न लागिएको छ । बैङ्क कसुर तथा सजाय ऐन, २०६४ मा चेक अनादर भएमा बिगो भराई बिगोबमोजिम जरिवाना र तीन महिनासम्म कैदको व्यवस्था रहेको छ तर विधेयकले चेक अनादर भएको प्रमाणित भएमा चेक जारी गरिदिने खातावालाबाट धारकलाई बिगोबमोजिमको रकम भराई चेक जारी गरिदिने खातावालालाई बिगोको पाँच प्रतिशत जरिवाना गर्ने र चेक काटिएको रकमका आधारमा कैद सजाय तोक्नेगरी मस्यौदा तयार पारिएको छ ।
विधेयकमा पाँच लाख रुपैयाँसम्म बिगो भए एक महिनासम्म कैद, पाँच देखि १० लाख रुपैयाँसम्म बिगो भए तीन महिनासम्म कैद, १० लाख देखि ५० लाख रुपैयाँसम्म बिगो भए छ महिनासम्म कैद र ५० लाख रुपैयाँभन्दा बढी जतिसुकै बिगो भएमा दुई वर्षसम्म कैद हुने व्यवस्था गरिएको छ ।
यस्तै, चेक अनादर गरेको प्रमाणित भएको मितिले तीन महिनाभित्र सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न सकिने व्यवस्था ल्याउन लागिएको छ । रासस

# चितवनमा आठ सय बढी उद्योग–व्यवसाय बन्द

**चितवन ।**
चितवन जिल्लामा दर्ता भएर सञ्चालमा रहेका ८५६ वटा उद्योग तथा व्यावसायीक फर्महरु बन्द भएका छन् । गत आर्थिक वर्षमा उद्योगतर्फ ३७६ र व्यवसायीक फर्मतर्फ ४८० बन्द भएका हुन् । उद्योग तथा वाणिज्य कार्यालय चितवनका अनुसार जिल्लामा दर्ता हुने उद्योग तथा व्यावसायीक फर्मभन्दा खारेज हुनेको सङ्ख्या बढेको हो । गत आर्थिक वर्षमा यहाँ उद्योगतर्फ ४३९ वटा दर्ता भएका छन् भने व्यावसायीक फर्मतर्फ ४५१ वटा दर्ता भएका छन् । कार्यालयका सूचना अधिकारी नारायणप्रसाद खनालका अनुसार उद्योगतर्फ खारेज हुनेमा एक सय ७७ वटा कृषि तथा वनजन्य उद्योग छन् । यस्तै उत्पादनमूलक उद्योग ८३ वटा, पर्यटनमूलक उद्योग ४२ वटा र सेवामूलक उद्योग ७४ वटा बन्द भएको खानालले जानकारी दिए । गत आर्थिक वर्षमा दुई हजार एक सय नौ वटा उद्योगहरु नवीकरण गरिएको छ । वाणिज्यतर्फ दुई हजार छ सय ८९ वटा व्यवसाय नवीकरण भएको उनले जानकारी दिए । जिल्लामा हालसम्म १६ हजार तीन ५० उद्योगको अभिलेख रहेको र २० हजार एक हजार ४१ वटा व्यावसायीक फर्म रहेको छन् । रासस

# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको गिरावट देखिएको छ । आइतबार परिसूचक ७९ दशमलव ८८ अङ्कले घटेर दुई हजार आठ सय ९४ दशमलव ५७ को विन्दुमा कायम भएको हो ।
आइतबार तीन सय ३३ कम्पनीको चार करोड २६ लाख ८६ हजार छ सय ४० कित्ता शेयर दुई लाख १८ हजार पाँच सय ७८ पटक खरिदबिक्री हुँदा रु १९ अर्ब ७४ करोड पाँच लाख ९३ हजार आठ सय बराबरको कारोबार भएको छ ।
लघुवित्त समूह एक दशमलव ०८ प्रतिशत बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै लगानी समूह तीन दशमलव ८३, बैङ्किङ् तीन दशमलव ३१, वित्त तीन दशमलव ५० र अन्य समूह तीन दशमलव ५५ प्रतिशतले बढेको छ । विकास बैङ्क दुई दशमलव ४४, होटल तथा पर्यटन दुई दशमलव ३८, जलविद्युत् तीन दशमलव ०४, जीवन बीमा दुई दशमलव ५०, उत्पादन तथा प्रशोधन एक दशमलव ९८, म्युचुअल फन्ड एक दशमलव ५९, निर्जीवन बीमा दुई दशमलव ३२ र व्यापार समूह एक दशमलव ७६ प्रतिशतले घटेको छ ।
विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड र आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने मन्दाकिनी हाइड्रोपावर लिमिटेड र १० दशमलव २५ प्रतिशत, कुमारी बैङ्क लिमिटेड डिभेञ्चर–८६ को शेयर मूल्य नौ दशमलव ०९ प्रतिशतले घटेको छ ।
कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा अपी पावर लिमिटेडको आइतबार सबैभन्दा धेरै ८४ करोड ६८ लाख १७ हजार रुपैयाँ बराबरको २२ लाख ७८ हजार सात सय ८७ कित्ता शेयर किनबेच भएको छ । रासस

# नेपाल साफ च्याम्पियनसिपको फाइनलमा

**काठमाडौँ ।**
भुटानलाई पराजित गर्दै नेपाल साफ यु–२० च्याम्पियनसिपको फाइनलमा पुगेको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा आइतबार भएको पहिलो सेमिफाइनलमा नेपालले टाइब्रेकरमा भुटानलाई ४–१ ले पराजित गर्दै फाइनलमा स्थान बनाएको हो ।
नेपालका गोलकिपर जियारथ शेखले टाइब्रेकरमा भुटानका तीन खेलाडीको प्रहार बचाएपछि नेपालको जित सुनिश्चित भएको हो । टाइब्रेकरको पहिलो प्रहारमा नेपालका लागि राम थापा र भुटानका जेत्सन दोर्जीले गोल गरे । त्यसपछि दोस्रो प्रहारमा नेपालका अभिनाश स्याङ्तानले गोल गर्दा भुटानका जिग्मे नाम्गेलको प्रहार बाहिरियो ।
त्यस्तै नेपालका सिमान्त थापाले तेस्रो प्रहारमा गोल गर्दा भुटानका उग्वेन जिग्मेको प्रहार जियारत शेखले नै बचाए । चौथो प्रहारमा जियारतले गोल गर्दै नेपाललाई फाइनल पु¥याए ।
त्यसअघि खेलको निर्धारित ९० मिनेटमा दुवै टोलीले १–१ गोल गरेका थिए । खेलको ५६औँ मिनेटमा भुटानले अग्रता लिएको थियो । जेत्सन दोर्जीले पेनाल्टी क्षेत्र बाहिरबाट गरेको गोल भएको थियो ।
भुटान खेलको ७७औँ मिनेटमा १० खेलाडीमा सीमित बन्यो । भुटानका किन्जाङ तेन्जिङलाई रेफ्रीले रातो कार्ड देखाउँदै बाहिर पठाएका थिए । किन्जाङले नेपालका खेलाडीमाथि फाउल गरेका थिए । खेलको ७८औँ मिनेटमा नेपालले बराबरी गोल फर्कायो ।
रातो कार्डपछि नेपालले पाएको फ्रिकिक बलबाट आएको पासबाट निराजन धामीले करिब सिक्स यार्ड बक्समा हेड गर्दै बललाई जाली चुमाए ।
च्याम्पियनसिपको दोस्रो सेमिफाइनलमा सोमबार भारत र बङ्गलादेशबीच प्रतिस्पर्धा हुनेछ । रासस

# अफगानिस्तानी सदाचार कानुनप्रति राष्ट्रसंघको चासो

**काबुल ।**
अफगानिस्तानस्थित संयुक्त राष्ट्रसंघीय नियोगले तालिबानले हालै पारित गरेको सदाचारसम्बन्धी कानुनप्रति ‘चिन्तित’ रहेको बताएको छ ।
तालिवान अधिकारीहरूले बुधबार इस्लामी कानूनको कडा व्याख्याको आधारमा व्यापक व्यवहार र जीवनशैलीबारे प्रतिबन्धहरूको वर्णन गर्दै ३५ धाराहरू थप गरी कानूनको संशोधन गरेको घोषणा गरेका थिए ।
कानूनमा व्यवस्था भएका धाराहरूको उल्लङ्घनमा गरेमा मौखिक चेतावनीदेखि, जरिवाना र हिरासतसम्मको प्रावधानको घोषणा सदाचार मन्त्रालय अन्तर्गतका नैतिकता अधिकारीले गरेका हुन् ।
अफगानिस्तानका लागि संयुक्त राष्ट्रसङ्घीय सहायता नियोग (यूएनएएमए) का प्रमुख रोजा ओतुनबायेभाले भने,‘यो अफगानिस्तानको भविष्यका लागि एक कष्टप्रद दृष्टिकोण हो ।
यहाँ नैतिक निरीक्षकहरूले उल्लङ्घनको विस्तृत र कहिलेकाहीं अस्पष्ट सूचीको आधारमा कसैलाई धम्की दिने र हिरासतमा राख्ने ‘विवेकपरक’ अधिकार छ ।’
‘दशकौंको युद्धपछि र भयानक मानवीय सङ्कटका बीच अफगानी जनता प्रार्थनाका लागि ढिला भएमा, परिवारको सदस्यभन्दा बाहिरको विपरीत लिङ्गीलाई हेरेमा वा प्रियजनको फोटो राखेमा कारबाही व्यहोर्ने वा जेल जानुपर्नेछ,’ ओटुनबायेभाले भने ।
सन् २०२१ को अगष्टमा तालिवान सत्तामा फर्किएदेखि नै कानुनका धेरै बुँदाहरू अनौपचारिक रूपमा लागू भइसकेका छन् र तालिवानले औपचारिक कानुनी संहितालाई कडाइका साथ लागू गर्नेछ वा गर्नेछैन भन्ने स्पष्ट छैन ।
‘लैङ्गिक विभेद’ को संज्ञा दिएको प्रतिबन्धका कारण महिलाहरू सार्वजनिक जीवनबाट वञ्चित भएका संयुक्त राष्ट्रसंघले बताएको छ । ओतुनबायेभाले भने, ‘यो कानूनी संशोधनपछि पहिले नै असहनीय प्रतिबन्धहरू विस्तार गरेको तालिवान प्रशासनद्वारा लगाइएका अफगान महिला र बालिकाहरूको अधिकार, घर बाहिर महिलाको आवाजको अधिकारलाई पनि नैतिक उल्लङ्घन मानिएको छ ।’
कानुन अनुसार महिलाले घरबाट बाहिर निस्कँदा आफ्नो अनुहार र शरीर छोप्नुपर्छ र आफ्नो आवाज नसुनिएको सुनिश्चित गर्नुपर्छ । संयुक्त राष्ट्रसंघले कानूनमा धार्मिक र प्रेस स्वतन्त्रतामाथिको प्रतिबन्धप्रति पनि चिन्ता व्यक्त गरेको छ । कानूनमा मिडियाले ‘शरिया कानून र धर्मको प्रतिकूल सामग्री’ प्रकाशन गर्न बन्देज लगाएको छ । यद्यपि, कानूनमा केही सकारात्मक धाराहरू पनि समावेश भएका छन् । अनाथ र केटाकेटीलाई खेलौनाको रूपमा व्यवहार गर्नबाट प्रतिबन्ध लगाइएको छ । अफगानिस्तानमा वृद्ध पुरुषहरूले केटाहरूलाई केटीहरूको रूपमा लुगामा सजाएर उनीहरूको यौन शोषण गर्ने गरेको पनि सुनिने गरिएको छ । (रासस/एएफपी)

# बङ्गलादेशमा रोहिङ्ग्या शरणार्थी पलायनको वार्षिकोत्सव !

**बङ्गलादेश ।**
बङ्गलादेशका शिविरहरूमा बस्ने म्यान्माका दशौँ हजार रोहिङ्ग्या शरणार्थीहरूले आइतबार आफ्नो सामूहिक पलायनको सातौँ वार्षिकोत्सव मनाएका छन् । उनीहरूले म्यान्माको रखाइन राज्यमा सुरक्षित फिर्तीको मागसमेत गरेका छन् ।



कक्स बजार जिल्लाको कुटुपलोङ शिविरको खुला मैदानमा ‘रोहिङ्ग्या नरसंहार दिवस’ भनेर चिनिने दिन आइतबार शरणार्थीहरू वर्षाको पर्वाह नगरी ‘होप इज होम’ र ‘हामी रोहिङ्ग्या म्यान्माका नागरिक हौँ’ लेखिएको ब्यानर र तोरण बोकेर भेला भएका थिए ।
सन् २०१७ अगस्ट २५ मा म्यान्माको रखाइन राज्यमा अन्धाधुन्ध हत्या र हिंसाका बीच दशौँ हजार शरणार्थीहरू पैदल र डुङ्गाबाट सीमा पार गरेर बङ्गलादेश जान थालेका थिए ।
विद्रोही समूहले सुरक्षा चौकीमा आक्रमण गरेपछि म्यान्मामा क्रुर कारवाही सुरु भएको थियो । सङ्गठन र उग्रताका कारण कारबाहीको मापनलाई संयुक्त राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय समुदायले जातीय सफाया र नरसंहारको आरोप लगाएका थिए ।
बङ्गलादेशका तत्कालीन प्रधानमन्त्री शेख हसिनाले सीमा रक्षकहरूलाई सीमा खोल्न आदेश दिएपछि सात लाखभन्दा धेरै शरणार्थीहरूलाई मुस्लिम बहुल बङ्गलादेशमा शरण लिन अनुमति दिइएको थियो । यो आगमन पहिलानै म्यान्माको सेनाले गरेको हिंसाबाट दशकौँदेखि बङ्गलादेशमा बस्दै आएका तीन लाख अतिरिक्त शरणार्थीबाहेकको थियो ।
सन् २०१७ पछि बङ्गलादेशले शरणार्थीहरूलाई फर्काउन कम्तीमा दुई पटक प्रयास गरेको छ र अन्तर्राष्ट्रिय समुदायसँग म्यान्माभित्र शान्तिपूर्ण वातावरणका लागि दबाब सिर्जना गर्न आग्रह गरेको छ । हसिनाले मध्यस्थताका लागि चीनसँग पनि सहयोग मागेकी थिइन् । तथापि हालका दिनमा अराकन आर्मी (एए) नामक समूहले म्यान्माको सुरक्षा बलविरुद्ध लडाइँ सुरु गरेपछि रखाइन राज्यमा अवस्था अझ अस्थिर बनेको छ । नयाँ सिराबाट फैलिएको अराजकताले थप शरणार्थीहरूलाई आफ्नो ज्यान बचाउन बङ्गलादेश र अन्य स्थानमा भाग्न बाध्य बनाएको छ । म्यान्माका सयौँ सैनिक र सीमा रक्षकहरूले पनि हिंसाबाट बच्नका लागी बङ्गलादेशभित्र शरण लिएका छन् तर पछि बङ्गलादेशले उनीहरूलाई शान्तिपूर्वक म्यान्मालाई हस्तान्तरण गरिदियो ।
आइतबार बङ्गलादेशका शिविरहरूमा विरोध प्रदर्शन हुँदै गर्दा संयुक्त राष्ट्रसंघ र अन्य अधिकार समूहहरूले म्यान्मामा चलिरहेको अराजकताप्रति चिन्ता व्यक्त गरेका छन् । वासिङ्टनस्थित शरणार्थी इन्टरनेसनलले आइतबार विज्ञप्तिमा अवस्थाको वर्णन गरेको छ । ‘रखाइन राज्यमा पछिल्लो वर्षमा म्यान्माको सैन्य जुन्टा र एएबीच बढेको लडाइँले रोहिङ्ग्याहरुलाई बीचमा पारेको छ र उनीहरूलाई निशाना बनाएको छ’, विज्ञप्तिमा भनिएको छ,‘एएले हालै गाउँहरूमा बमबारी गर्न ड्रोनको प्रयोग गर्दै बुथिडाउङ, मङ्डाउ र अन्य सहरहरूमा घरहरू जलाइदिएको छ ।’
‘जुन्टाले रोहिङ्ग्यालाई जबर्जस्ती भर्ती गरेको छ र जवाफी कारबाहीमा गाउँहरूमा बमबारी गरेको छ, दशौँ हजार रोहिङ्ग्या भर्खरै विस्थापित भएका छन् र तीमध्ये धेरैजसो बङ्गलादेशमा भाग्न खोजेका छन् ।’
विज्ञप्तिमा उल्लेख छ ।
युनिसेफले सर्वसाधारण विशेषगरी बालबालिका र परिवारहरूलाई गोलीबारीमा निशाना बनाइँदा मृत्यु र गम्भीर चोटका चिन्ताजनक रिपोर्ट प्राप्त भएको बताएको छ । युनिसेफले रखाइनमा मानवीय पहुँचलाई अत्यन्त चुनौतीपूर्ण बनाएको बताएको छ । (रासस/एपी)

# पार्टीमा हैसियत नभएका व्यक्ति मन्त्री बने पनि जनताका लागि केही गर्न सक्दैनः राउत

*जनकपुरमा हेर्नुस् न, विमलेन्द्र निधि जीलाई हेर्नुस्, रघुविर महासेठलाई हेर्नुस्, उहाँहरुले आफ्नो क्षेत्रमा ७००–८०० करोड बजेट ल्याउनु भएको थियो । राम्रो काम गर्नु भएको छ । तर, पर्सामा मलाई देखाइदिनुस् त कुन मन्त्रीले १० करोड बजेट ल्याएर विकास गर्नु भएको छ । छ, कसैको हैसियत १०–२० करोड बजेट ल्याएर काम गरेर देखाउने ।*

*लालबाबु राउत*
*पूर्व मुख्यमन्त्री, मधेश प्रदेश*



*तत्कालीन मधेशी जनअधिकार फोरम हुँदै अहिले जनता समाजवादी पार्टी (जसपा) नेपालसम्म पार्टीका अध्यक्ष उपेन्द्र यादवसँग रहेका लालबाबु राउत मधेश प्रदेशमा मुख्यमन्त्रीको रुपमा पाँच वर्ष कार्यकाल पूरा गर्ने नेता हुन् । नेपालको राजनीतिक इतिहासमा ५ वर्ष कार्यकाल पूरा गर्ने नेता भेटाउन मुस्किल छ । देश संघीयतामा गएर प्रदेश सरकार बनेका बेला मधेशको प्रथम मुख्यमन्त्री बनेका उनी आफ्नो कार्यकाल सफल भएको दाबी गर्छन । लालबाबु राउतसँग विभाजन पछि जसपा नेपालको स्थिति, देशको राजनीतिक अवस्था, स्वास्थ्य, शिक्षा, आर्थिक, रोजगार तथा युवा पलायनको विषयमा केन्द्रित रहेको गरिएको कुराकानीको संपादित अंश ।*

**अहिले के पार्टी कै काम मै व्यस्थ हुनुहुन्छ ?**
– राजनीतिमा लागेको मान्छेको मुख्य काम नै जनताको सेवामा लाग्नु हो । त्यतै तिर व्यस्त छु ।

**भर्खरै काठमाडौँमा पार्टीको केन्द्रिय कमिटिको बैठक सकिएको छ । मुल निष्कर्ष के निकालियो ?**
– अब पार्टीलाई संगठनात्मक रुपमा कसरी बलियो बनाउने, मधेशका मुद्दाहरुलाई कसरी अगाडी बढाउने, हाम्रो यो बैठक राष्ट्रिय महाधिवेशनपछिको पहिलो केन्द्रिय कमिटिको बैठक बस्यो । सबै केन्द्रिय सदस्यलाई अभियन्ता तोकियो । मुलुकभरी नै हाम्रो जहाँ संगठन छ त्यसलाई मजबुत बनाउने जस्ता निर्णय गरेको छ । संगठन विस्तार, सुदृढिकरण गर्ने निर्णय भएको छ ।

**यो बीचमा पार्टीले फुट व्यहोर्यो, कस्तो किसिमको क्षति व्यहोर्नु, पार्टीमा कस्तो प्रभाव परेको छ ?**
– स्वभाविक रुपमा पार्टी फुटले क्षति हुन्छ नै । तथापी पार्टी भित्रको जनु मुल संरचना छ । त्यसमा खासै फरक परेको छैन । तपाईलाई थाहा नै छ । पर्सामा हामीसँग काम गरिरहेका प्रदिप यादव जी, वीरगंजका मेयर राजेशमान सिंह जी जानु भयो । उहाँहरु हाम्रो पार्टीबाट जित्नु भएको थियो । उहाँ लगायत केही जिल्ला समितिका साथीहरु जानु भयो, केही क्षेत्रीय साथीहरु जानु भयो । थोरबहुत कार्यकर्ताहरु जानु भयो । तर, केही साथी गरेपनि अधिकांश साथीहरु हामीसँग हुनुहुन्छ । यद्धपि उहाँहरु गएर पनि जिल्लामा कति प्रभाव परेको छ । त्यो हामी सबैलाई थाहा छ ।

तराई मधेशमा अशोक राई जीको कति प्रभाव छ । राजेन्द्र श्रेष्ठ जीकावे कति प्रभाव छ, त्यो सबैलाई थाहा छ । अरुलाई थाहा नभएपनि मलाई राम्ररी थाहा छ । पार्टी फुट्नु ठिक कुरा त होइन् । पार्टीको नेता हुनुहुन्थ्यो जानु हुँदैनथ्यो । साथीहरु जानु भयो । यसमा मलाई खासै केही भन्नु छैन । जहाँ जानु भयो राम्रो गर्नुस सफल हुनुस् । तपाईलाई थाहा छ, म त यहाँ सुरु देखि नै लागेको मान्छे । पार्टीमा, जिल्लामा को कति बेला आउनु भयो । जो कति बेला पार्टीसँग जोडिनु भयो । त्यो सबैलाई थाहा छ । पार्टी पहिलो चोटी फुटेको होइन् नी, तर फुटेर जानेहरुको अवस्था के छ । उहाँहरु कहाँ पुग्नु भयो । सुरुमै हाम्रो पार्टी पहिलो चोटी फुट्दा पर्सा कै हुनुहुन्थ्यो केन्द्रिय उपाध्यक्ष भाग्यनाथ गुप्ता जी, जितेन्द्र सोनल जी, किशोर विश्वास, रामकुमार शर्मा जीहरु उहाँहरु पार्टीको राजनीतिक समितिमा हुनुहुन्थ्यो । समितिमा रहेका सात जना मध्ये चार जना पार्टी फोड्नु भयो । उहाँहरुले त उपेन्द्र यादव जीलाई निष्काशन गर्नु भएको थियो । तर, हेर्नुस् त उहाँहरु अहिले काहाँ हुनुहुन्छ । त्यसपछि विजय गच्छदार जी पार्टी फुटाउनु भयो । उहाँले ५३ सदस्य कमिटि मध्ये २८ जना सदस्यलाई लिएर पार्टी फुटाएर जानु भयो । बाँकी रहेका २५ जना मध्येबाट जय प्रकाश (जेपी) गुप्ता जीले १३ जना केन्द्रिय सदस्यलाई लिएर जानु भयो । त्यसपछि अमर यादव जी त्यस्ता धेरै हुनुहुन्छ । उहाँहरु पार्टी फुटाएर जानुभयो । तर, अहिले उहाँहरुको हविगत के छ ? कहाँ हुनुहुन्छ उहाँहरु ।साथीहरु पार्टी फुटाएर जानु दुरभाग्य हो । तर अहिलेको राष्ट्रिय राजनीतिको अवस्था नै हेर्नुस्, उहाँहरु कतै हुनुहुन्न् ।

**अहिले मुलुकमा राजनीतिक अस्थिरता, युवाको विदेश पलायन, बेरोजगारी, आय र व्ययमा भिन्नता, जनताको जनजीविकाको अवस्था हेरिरहनु भएको छ । के भन्नु हुन्छ यसबारेमा ?**
– वास्तवमा भन्नु हुन्छ भने, यति मात्रै होइन् । अहिले संघमा जुन राजनीतिक अस्थिरता छ । त्यसको असर प्रदेश सरकारहरुमा पनि देखिन्छ । एउटाले राम्ररी चलाउन पाएको छैन । त्सको सरकार ढल्छ फेरी अर्को आउँछ । त्यसको पराकम्पन प्रदेश सरकारमा पनि देख्न देखिन्छ । वास्तवमा जब सम्म देश संघको राजनीतिमा स्थिरता आउँदैन । केही गर्न सक्ने अवस्था छैन । मुख्य कुरा नै राजनीति हो । यसको स्थायित्व नहुँदा सम्म कुनै क्षेत्रमा पनि विकास गर्न सकिँदैन । देशमा लगानी ल्याउन सकिन्न । जति समिट गरेपनि लागनीकर्तालाई भित्रियाउन सकिँदैन । वास्तवमा मैले पनि ५ वर्ष मधेश प्रदेशको मुख्यमन्त्री नै भएर चलाएको हो । मैले नजिकबाट सरकारको काम कारवाही हेरेको छु । वास्तवमा भन्ने हो भने जबसम्म नेतृत्व जनता प्रति इमान्दार हुँदैन तब सम्म केहि ठूलो उपलब्धी प्राप्त गर्न कठिन हुन्छ । अहिले देशको राजनीतिमा इमान्दारीपूर्णक जनताको काम गर्ने पात्र मैले देखेको छैन, छैनन् पनि ।

यसअघिका प्रधानमन्त्री प्रचण्ड जी, अहिलेका प्रधानमन्त्री केपी शर्मा ओली जी उहाँहरुलाई अब के चाहिएको छ । उहाँहरुलाई चाहिने जति त पाइसक्नु भएको छ । तीन तीन चोटी प्रधानमन्त्री भइसक्नु भयो । अब उहाँहरुलाई थप के चाहिएको छ र मैले बुझन सकेको छैन । जनतामा यति निरासा छ । तपाई के माथि जे जति समस्या देखाउनु भयो, त्यसको लागि उहाँहरुले केही गर्न सक्नु पर्छ । उहाँहरु जो त्यहाँसम्म पुग्नु भयो । उहाँहरुले डेलिभर गर्न सक्नु भएन् । जनतासँग गरेको कमिटमेन्ट पुरा गर्न सक्नु भएन् । उहाँहरु इमान्दारीपूर्वक काम गर्न सक्नु पर्छ । अहिले जो युवाहरु खाडी मुलुक पुगेर चर्को गर्मीमा मिहिनेत गरिरहेका छन् । कुनै पनि युवा चाहँदैनन् कि आफ्नो देश छोडेर अर्को देशमा गएर मिहिनेत गरुम, तर यो युवाहरुको बाध्यता हो । यसको जिम्मेवारी कसले लिने । देशमा बेरोजगारी छ, युवाहरुलाई रोजगार छैन । देशको नेतृत्व गरिरहनु भएकाहरुले यो विषयमा गम्भीर भएर सोच्नुपर्छ । युवाको पलायन रोक्न कार्यक्रम ल्याउनु पर्छ ।

**अहिले पार्टीका नेतृत्वलाई पार्टी भित्रका युवाहरुले जुन तरिकाले हस्तक्षेप गर्नु पर्दथ्यो, त्यो देखिएको छैन किन होला ?**

– हेर्नुस्, अहिलेको जनुसुकै पार्टीमा नेतृत्व नै हावी छ । अलिकति आफुलाई डेमोक्रयाटिक भन्ने कांग्रेसलाई हेर्नुस् त के छ त्यहाँको अवस्था, पार्टी सभापति शेरबहादुर देउवालाई पार्टी भित्र चुनौति दिने कोही छैन । कांग्रेसले त डेमोक्रयाटिक अभ्यास त गर्छ नि तर खाई युवा नेताहरु पार्टीको नेतृत्वमा आउन सकेको । कांग्रेस महाधिवेशबाट देउवा नै सभापति जितेर आउँछन् । जुन सुकै पार्टीमा हेर्नुस् न । उहाँहरुलाई तल्लो स्तरका नेता कार्यकर्ताले के प्रभाव पार्न सक्नु हुन्छ । पार्टीमा बढी बोलियो हस्तक्षेप गर्न खोजियो भने उहाँहरुको हालत भीम रावल जस्तो हुन्छ । अलि बढी बोलियो भने जनार्द्धन शर्मा जस्तो हालत हुन्छ । जनु सुकै पार्टीमा पनि यहि छ ।

मधेश केन्द्रित पार्टी वा भनौं मधेशी, आदिवासी जनजातिको मुद्दा लिएर अगाडि बढ्नु भएको छ उहाँहरुको के छ, हामीहरु त ठूला दलले सरकार बनाउँछन् त्यसमा गएर साझेदार बन्ने न हो । इमान्दारीपूर्वक भन्नु पर्दा हाम्रो के हैसियत छ र । सरकारमा गएपछि जनताका लागि मुद्दाका लागि केहि गर्न सकिन्छ कि सक्ने जति गरिरहेका छौं । हाम्रो हातमा के हुन्छ र । ठूला दलले इमान्दारीपूर्वक जनताको समस्यालाई सम्बोधन गर्नु पर्छ । हामी त सहयात्री मात्र हौँ ।
कुनै पार्टीको नेतृत्वलाई आलोचना गर्नुस् त तपाईको हालत के हुन्छ । त्यहाँ त तपाईले गजब गर्नुभयो । यसरी नै गर्दै जानुस् । राम्रो भइरहेको छ भन्नु पर्छ । इमान्दारीपूर्वक भन्ने हो भने तपाई आज पार्टी नेतृत्वको आलोचना गर्नुस् त भाली देखिनै तपाईलाई किनारा गर्न थाल्छन् ।

**यति खेर पर्साको तीन वटा क्षेत्रको सांसदहरु संघमा मन्त्री हुनुहुन्छ । प्रदेशमा पनि मन्त्री हुनुहुन्छ । उहाँहरुसँग कहि अपेक्षा गर्न सकिन्छ ?**
– यो खुसीको करा हो । तर, यसले के तात्विक भिन्नता ल्याउन सक्छ ? केही गर्न सिकन्छ भन्ने मलाई त लाग्दैन् । संघीय मामिलाको काम के हो, त्यहीँ कर्मचारीको सरुवा बढुवा, त्यो पनि पार्टीको समन्वयमा गर्ने हो । कानुन मन्त्रालयले के गर्छ, अहिले टिएससी विद्येयकको कुरा छ । सबै राजनीतिक दलको सहमतिमा कुरा हुने हो । मन्त्रीले त्यसलाई सहजीकरण गर्ने र विद्येयकलाई अगाडि बढाउने हो । त्यो भन्दा बढी के हुन्छ र ? खानी पानी मन्त्रीको काम के पानी ल्याउने, पानी खुवाउने त हो । त्यसले पर्सा वा वीरगंजका लागि के फाइदा हुँन्छ मलाई बताइदिनुस न । उहाँहरु केही गर्न सक्नु हुन्न, वीरगंजको लागि केहि तात्विक भिन्नता हुन्न् । कृषिमन्त्री हुनुहुन्छ प्रदेशमा खासै उपलब्धी होला जस्तो मलाई लाग्दैन । म जुन सरकारको नेतृत्व गरेको थिए, त्यसमाको एक मन्त्री हुनुहुन्छ । उल्लेखीय केहि गर्नसक्नु हुन्न ।

म मुख्यमन्त्री हुँदा खेरी एकैपटक तीन तीन वटा विश्वविद्यालय बनाए । यसले प्रदेशमा मधेशमा तात्विक भिन्नता ल्याउँछ । म ठाउँमा थिए गरे । त्यसरी गर्ने हो । बाँकी यो बन्यो त्यो बन्यो भनेर केही फरक पर्दैन । पार्टीको मुल नेतृत्वले नचाहँदा सम्म कुनै नेताले केहि गर्न सक्नु हुन्न् ।

तपाईलाई थाहा होला, भगवान यादव सरले हरि खेतान क्याम्पसलाई विश्वविद्यालय बनाउनका लागि के के गर्नु भयो । कहाँ कहाँ धाउनु भयो । कति पटक काठमाडौँ जानु भयो । तर, के भयो, केही भयो । जति धाएर पनि हुँदैन । ठाउँमा पुग्नु पर्छ अनि त्यहाँबाट गर्न सक्नुपर्छ । मैले मधेश विश्वविद्यालयको काम गर्दा कति जना हाँसी रहेका थिए । तर, आज हेर्नुस् यो ठूलो उपलब्धी हो वीरगंजको लागि पर्साको लागि । पर्साबाट ठूला ठूला नेता हुनुभयो । तर, उहाँहरुले पार्टी भित्र अवस्था र हैसियत के छ ? सबैले बुझेका छन् । म मुख्यमन्त्री भएका बेला सप्तरीमा कृषि विश्वविद्यालय बनाए । जनकपुरमा एमबीबीएस, एमडी बढ्ने विश्वविद्यालय बनाए । हाम्रो वीरगंजका विमल श्रीवास्तवले केही काम गर्ने अवसर पाएको बेला के गर्नु भयो, वीरगंजको लागि केही गर्नु भयो ? उहाँले राजर्षि जनक विश्वविद्यालय बनाउनु भयो । तर, वीरगंजको लागि केही गर्नु भएन् । मैले वीरगंजमा मधेश विश्वविद्यालय बनाएँ । अहिले मज्जाले चलिरहेको छ । जग्गा लिने काम भइरहेको छ, त्यो सबै पुरा भयो भने यहाँ हरेक विषयको पढाई हुन्छ । वीरगंज र छिमेकी जिल्लाकै मान्छेलाई फाइदा हुन्छ ।

**यहाँको जनताको चाहना छ, केन्द्रमा पर्साबाट मन्त्री बन्नु भएकाहरुले केही योजना ल्याउन, वीरगंजका लागि केही गरुन, त्यो सम्भावना देख्नुहुन्छ ?**
– उहाँहरुले केही गर्न सक्नु हुन्न । उहाँहरुको पार्टी भित्र वा सरकारमा कुनै हैसियत नै छैन । उहाँहरुको कुनै राजनीतिक हैसियत छैन । मैले हेरेको छु । कुनै ल्याकत छैन । जनकपुरमा हेर्नुस् न, विमलेन्द्र निधि जीलाई हेर्नुस्, रघुविर महासेठलाई हेर्नुस्, उहाँहरुले आफ्नो क्षेत्रमा ७००–८०० करोड बजेट ल्याउनु भएको थियो । राम्रो काम गर्नु भएको छ । तर, पर्सामा मलाई देखाइदिनुस् त कुन मन्त्रिले १० करोड बजेट ल्याएर विकास गर्नु भएको छ । छ, कसैको हैसियत १०–२० करोड बजेट ल्याएर काम गरेर देखाओस् त । अहिले जनकपुरको मुहार फेरिएको छ । गल्ली–गल्लीमा विकास भएको छ । त्यो अवस्था वीरगंजमा छ ? छैन किन कि पार्टीमा उहाँहरुको कुनै हैसियत छैन ।

वीरगंजबाट कृष्णप्रसाद भट्टराई जित्नु भयो । उहाँ प्रधानमन्त्री हुनुभयो । वीरगंजमा नेशनल मेडिकल क्लेज दिनुभयो । बाँकी रामचन्द्र कुशवाहा हुनुहुन्थ्यो, उहाँले के गर्नु भयो । थोरै समयका लागि रमेश रिजाल जीले पाउनु भयो । तर, खासै केही हुन सकेको छैन । उहाँहरुको पार्टीका हैसियत छैन, त्यहाँ गएर दाई यो काम गरिदिनुपर्यो, हामी पनि त्यहाँबाट जितेर आउछौँ, केहि बजेट हाल्दिनुस् भन्नु पर्छ, हात जोड्ने हो, बिन्ति गर्ने हो । जबसम्म आफ्नो हैसियत बनाउन सक्नपर्छ ।

**तपाई मुख्यमन्त्री भएको कार्यकालको उपलब्धी के के हुन, कसरी सम्झिनु हुन्छ ?**
– तपाईलाई सम्झना होला, मैले मधेश प्रदेशको मुख्यमन्त्री भएर पाँच वर्षको कार्यकाल पूरा गरेको छु । सात वटै प्रदेशमा कहि पनि पाँच वर्ष सरकार टिक्न सकेन । तर मैले सबैलाई मिलाएर सबैको सहयोगमा पाँच वर्ष कार्यकाल पूरा गरे । प्रदेशको नामाकरण भयो । आन्दोलनका बेलमा हामीले जुन प्रतिवद्धता गरेका थियौं, हामीले मधेश प्रदेश बनायौँ । महिलालाई ५० प्रतिशत अधिकार दिऔं, सहिद परिवारलाई जागिर दिने, सहयोग दिने, छोरीहरुलाई पढ्ने र अगाडि बढ्ने कुरालाई अगाडि बढायौँ । तर, यो कार्यक्रमलाई निरन्तरता दिनु पर्थ्यो । तर, दुःखको कुरा त्यो अहिलको सरकारले अगाडि बनाएन । मैले मधेशमा प्रहरी ऐन बनाए । प्रदेश निजामति ऐन बनाए । सबै जातजातिलाई उसको जनसंख्यालाई स्थान दिने गरि निजामति बनाए ।

अहिलेको जनमतको सरकारलाई हेर्नुस् त, २०–२० वटा मन्त्री बनाएर जग हसाउँने काम गरेको छ । चौतर्फी आलोचना भएपछि जनमत अध्यक्ष सीके राउतले स्पष्टीकरण सोधेर मजाक बनाउने, सीके राउतसँग कुराकानी नगरिकन केही हुन्छ र, यहाँ त पार्टी नेतृत्वको सल्लाह बिना स्वास फेर्न पनि समस्या हुन्छ ।

# पोखरियामा ५० शय्याको अस्पताल निर्माणमा ध्यानाकर्षण



**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय मुक्ति त्रान्तिका नेता नेजामुदिन समानीले पर्साको पोखरिया नगरपालिकामा ५० शय्याको अस्पतालमा निर्माण गर्न भन्दै संघीय मन्त्रीलाई ध्यानाकर्षण गराएका छन् । आइतबार मन्त्रालय पुगेर नेता समानीले पर्सा जिल्लाबाट निर्वाचित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्तालाई ज्ञापन पत्र बुझाएका छन् ।

२०७६ साल चैत २८ गते प्रदेश सरकारको निर्णय अनुसार पोखरिया अस्पताललाई ५० बेड सहित प्रदेशिक अस्पताल बनाउन निर्णय भएको थियो । फेरि २०८१ असार १९ गते मधेश प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीपरिषद्ले पनि अस्पताल बनाउने निर्णय गरेको थियो । पटक पटक निर्णय भएपनि त्यसको कार्यान्वयन नहुनु दुर्भाग्य भएको बताउँदै मन्त्री गुप्तालाई पत्र बुभाइएको नेता समानीले बताए ।

पर्सा जिल्लाको दोस्रो सदरमुकाम पोखरियामा मालपोत, भूमिसुधार, जिल्ला प्रशासनको सेवा केन्द्र स्थापनालगायत माग राखि मधेश प्रदेशका खेलकुद तथा समाजकल्याण मन्त्री प्रमोद जैसवालको उपस्थितिमा संघीय मामिला मन्त्री गुप्तालाई आवश्यक पहल तथा सहयोगको लाग पत्र हस्तान्तरण गरिएको नेता समानीले बताए ।

# धनुषाका सिडिओ कडरियालाई कारबाही गर्न माग






**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाका प्रमुख जिल्ला अधिकारी(सिडिओ) रामु राज कडरियाले नेता राजिब झालाई फोनमा गाली गलौज गर्दै थुनदिने धम्कि दिएको प्रति राष्ट्रिय मुक्ति क्रान्तिले ध्यानाकर्षण गराएको छ । क्रान्तिले सिडीओ कडरीयाले पद तथा शक्तिको दुरुपयोग गर्दै धम्कीपूर्ण क्रियाकलापले नागरिक आतंकित गर्ने कार्य गरेको भन्दै भत्र्सना गरेको छ । 'धनुषाका संजीव झाले जिल्ला अदालत धनुषाको फैसला बमोजिम मालपोत कार्यालय धनुषामा विगत ७ महिनादेखि जग्गा रजिस्ट्रेसनको लागि निरन्तर प्रयास गर्ने क्रममा मालपोत कार्यलयले काम नगरेपछि संजीवले क्रान्तिका नेता राजिब झालाई आग्रह गरेपछि उनले ३/४ पटक मालपोत प्रमुख विष्णु प्रसाद सिटौलालाई सेवाग्राहीको का मगर्न आग्रह गरेका थिए । सोही क्रममा आइतबार फेरी प्रमुख सिटौलासँग काम बारे बुझ्दा सिटौलाले मेरो सरुवा गराई दिनुस भनेर गैर जिम्मेवार जवाफ दिएका थिए । सोही विषयमा सिडीओ रामुराज कडरीयासँग फोनमा कुरा गर्दा सिडीओले एकतर्फी रुपमा गाली गलौज गर्दै २४ घण्टा भित्र थुनिदिने धम्की दिएको' क्रान्तिका राष्ट्रिय संयोजक राजेन्द्र महतोद्वारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ । सिडीओ कडरीयाले तानाशाही प्रवृति देखाएर अराजकता देखाएको भन्दै तत्काल छानबिन गरी उनलाई कारबाही गर्न माग गरिएको छ ।

अन्यथा सिडीओ कडेरीयाविरुद्ध हुने संघर्षबाट उत्पन्न परिस्थितिको जिम्मवार सम्बन्धित निकाय नै हुने विज्ञप्तीमार्फत चेतावनी दिइएको छ ।

# मधेशमा दिगो वन व्यवस्थापनमा सरकार गम्भीर छः मुख्यमन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले वृक्षरोपण गरी दिगो वन व्यवस्थापन, वनबाट हुने फाइदाहरू बढाउन र विश्व्यापी रूपमा भइरहेको हरिगृह ग्यास उत्सर्जन घटाउन प्रदेश सरकार गम्भीर रहेको बताएका छन् । धनुषा जिल्लाको बटेश्वर गाउँपालिकामा ८२ बिघा जग्गामा लगाइएको छ हजार आँपको बोट फँडानी गरी सोलार प्लान्ट लगाउन जग्गा भाडामा दिने किसानका बाध्यताबारे ध्यानाकर्षण गराउन पुगेका अभियन्ताहरूलाई मुख्यमन्त्री सिंहले सो कुरा बताएका हुन् । आइतबार जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ध्यानाकर्षण पत्र बुझाएका फुलगेन मगहीसहितका अभियन्तालाई मुख्यमन्त्री सिंहले सोलार प्लान्टका लागि कृषि प्रयोजनबाट बाँकी रहेका नदी उकास जग्गा दिने विषयमा गृहकार्य भइरहेको बताए । 'सोलार प्लान्ट राष्ट्रिय प्रसारण ग्रिडको निश्चित दुरीमा रहनुपर्ने कारणले समस्या छ । तर, यसको समाधान पनि खोजिनेछ,' उनले भने । मुख्यमन्त्री सिंहले मधेश प्रदेशमा आँपको पकेट क्षेत्र प्रवद्र्धनका लागि सरकारले आवश्यक पूर्वाधार विकासलगायतका काम गरिरहेको भन्दै बटेश्वर क्षेत्रमा कृषि विद्युतीकरण तथा डिप बोरिङ्गार्फत सिँचाइ व्यवस्थापन र आँप भण्डारण गर्न कोल्ड स्टोर व्यवस्थापनका लागि आवश्य कार्य गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिएको बताए ।

मुख्यमन्त्री सिँहलाई बुझाइएको ज्ञापनपत्रमा आँप किसान लक्षित गरी बटेश्वर गाउँपालिकामा कोल्डस्टोर निर्माण, नील गाई व्यवस्थापन, नमुना पकेट क्षेत्र घोषणा अनुसार किसानलाई अनुदान र आँप खेतीका लागि विशेष अनुदानमा किटाशक औषधि, मलखाद र उपकरणको व्यवस्थ, सिँचाइ तथा बजार व्यवस्थापन गरिदिन प्रदेश सरकारसँग आग्रह गरिएको छ ।

बटेश्वर नगरपालिका क्षेत्रमा सङ्घ सरकारको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना समेत सञ्चालित छ ।

# महावीर युवा कमिटीको साधारण सभा सम्पन्न



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
सामाजिक तथा धार्मिक कार्यका लागि जनकपुरधामको प्रसिद्ध महावीर युवा कमिटीको ५७औँ साधारणसभा सप्तरी जिल्लाको सखरा भगवतीको प्राङ्गणमा सम्पन्न भएको छ । महावीर युवा कमिटीका अध्यक्ष अजय कुमार साहले राजदेवी मन्दिरमा दशहराको पूजा भव्यताका साथ सम्पन्न गर्ने र भक्तजनको सुरक्षाका लागि सरकारी सुरक्षाकर्मीबाहेक महावीर युवा कमिटीका पुरुष तथा महिला स्वयंसेविका पनि खटिने बताए । उनले मन्दिरको सौन्दर्यीकरण भव्य रुपमा गरिने बताए । सो बारे प्रतिवेदन महासचिव चन्दन नागवंशीले प्रस्तुत गरेका थिए । कार्यक्रममा जनकपुरधाम उद्योग बाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ, उपाध्यक्ष अम्बुप्रसाद साह, जनकपुर अंचल बस व्यवसायी संघका अध्यक्ष, नेपाली कांग्रेसका नेता मनोजकुमार चौधरी, राम युवा समितिका निवर्तमान अध्यक्ष परमेश्वर साह, प्रेस स्वतन्त्रता सेनानी राम भरत साहलगायतको उपस्थिति रहेको थियो ।

# दशैँअघि नै दूग्ध र उखु किसानले भुक्तानी पाउँछन्ः कृषिमन्त्री



**काठमाडौँ ।**
कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले दशैँअघि नै दूग्ध र उखु किसानले भुक्तानी पाइसक्ने बताएका छन् । मन्त्रालयमा आइतबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा उनले कृषकको रकम भुक्तानीलाई मन्त्रालयले प्राथमिकतामा राखेर काम गरिरहेको बताए । बजारको अभावमा किसान आहतमा पर्ने अवस्थाको अन्त्य गरिने पनि उनले प्रतिबद्धता जनाए । मन्त्रालयले रैथाने उत्पादनलाई प्रोत्साहन गर्ने भएको छ । उद्योग मन्त्रालयसँग समन्वय गरेर कोदोबाट हुने उत्पादनको प्रवर्द्धन गर्ने कार्यक्रमलाई पनि मन्त्रालयले प्राथमिकतामा राखेको छ । विषादीमुक्त अनाज उत्पादनमा जोड दिने कार्यक्रमलाई पनि अघि बढाउने तयारीमा मन्त्रालय रहेको उनले बताए । कृषि अनुदानको दुरुपयोग भइरहेको गुनासो बढिरहेका बेला अनुदान लैजानेको नाम सार्वजनिक गरिने उनले सुनाए । 'व्यावसायिक खेतीमा युवा आकर्षण बढाइने छ, वडास्तरमा कृषिका नमूना फार्म निर्माण गरेर त्यसलाई सिकाइ केन्द्रका रुपमा स्थापित गरिने छ, स्थानीय तहमा पशु अस्पताल बनाइने छ, साना किसानलाई मन्त्रालयसम्म आउने वातावरण तयार पार्ने मन्त्रालयको योजना छ', मन्त्री अधिकारीले भने । मध्यपहाडी जिल्लामा रैथाने बाली संरक्षणका लागि विशेष कार्यक्रम ल्याउने, कृषिसँग सरोकार भएका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, वन तथा वातावरण, ऊर्जा तथा सिँचाइ, अर्थलगायत मन्त्रालयसँग समन्वय गरेर कृषि क्षेत्रको विकासमा काम गर्नेमा उनले प्रतिबद्धता जनाए । हाल ३० लाख हेक्टर खेती योग्य जमिनमा मात्र खेती भएको उल्लेख गर्दै मन्त्री अधिकारीले बाँकी १० हेक्टर जमिनमा पनि खेती गराउने गरी नीति निर्माण गरिने योजना सुनाए ।

धान, चामल आयातलाई घटाउन उत्पादन वृद्धि गर्ने, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत् तरकारीमा थप आत्मनिर्भर बनाउने, दुग्ध विकास संस्थानको पुनःसंरचना गर्ने कार्यक्रमलाई पनि रहेको उनले जानकारी दिए । रासायनिक मलमा अनुदान, उखु किसानलाई भुक्तानी र बीमा प्रिमियमका लागि मन्त्रालयसँग पर्याप्त बजेट रहेको सो अवसरमा जानकारी दिइयो ।

# मुख्यमन्त्रीद्वारा अस्पताल निरीक्षण



मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले बिरामीको उपचारमा ढिलासुस्ती र हेलचेक्रयाइँ भइरहेको गुनासा आएपछि शनिबार राति ११ बजे प्रादेशिक अस्पतालको निरीक्षण गरेका छन् ।

उनले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको जनकपुरधामस्थित प्रादेशिक अस्पतालको आकस्मिक कक्ष, प्रसूति गृह, अति सघन कक्षलगायत निरीक्षण गरी 'ड्युटी'मा रहेका चिकित्सक तथा स्वास्थ्यकर्मीसँग अस्पतालमा कार्यरत जनशक्तिको संख्या र कार्यविभाजन, काम गर्ने अवधिबारे जानकारी लिएका थिए । मुख्यमन्त्री सिंहले त्यहाँ कार्यरत जनशक्तिलाई तोकिएको समयसम्म नियमित र तत्परताका साथ काम गर्न निर्देशन दिए । उनले कामका लागि निर्धारित संख्या र समयावधिमा चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी नियमित खटिनुपर्ने र बिरामीको उपचारमा कुनै किसिमको लापरवाही नगर्नसमेत निर्देशन दिए । मुख्यमन्त्री सिंहले अस्पताल परिसरमा सञ्चालित सरकारी फार्मेसीमा आवश्यक र उचित औषधि राख्न, सूचीअनुसार औषधि अभाव हुन नदिन सम्बन्धित कर्मचारीलाई निर्देशन दिए । उनले निरीक्षणका क्रममा बिरामी र तिनका कुरुवासँग अस्पतालका सेवा सुविधाबारे जानकारी लिएका थिए । रातका समयमा जनशक्ति अभाव, उपयुक्त रेखदेखमा कमी र अस्पतालभित्रका फार्मेसीमा औषधि अभावबारे केही कुरुवाले गुनासो गरेपछि मुख्यमन्त्री सिंह रातको समयमा अस्पतालका अनुगमनका लागि पुगेका थिए ।

# वैश्य कल्याण सप्तरीको अध्यक्षमा साह



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल वैश्य कल्याण महासंघ सिरहाको जिल्ला अध्यक्षमा रामचन्द्र साह मनोनित भएका छन् । त्यस्तै उपाध्यक्षमा लक्ष्मण साह, प्रभातकुमार लालन, सचिवमा मिथिलेश प्रसाद साह, सहसचिवमा राजेन्द्रप्रसाद गुप्ता, कोषाध्यक्षमा दीपककुमार गुप्ता मनोनित भएका छन् । सदस्यमा टंकनाथ गुप्ता, सिंहेश्वर साह बालकुमार साह, शत्रुघ्न प्रसाद गुप्ता, सञ्जय पुर्वे र रामप्रसाद भगत मनोनयन भएका छन् । रामचन्द्र साहको अध्यक्षतामा भएको मनोनयन कार्यक्रममा नेपाल वैश्य कल्याण महासंघका राष्ट्रिय अध्यक्ष अमरनाथ गुप्ताको उपस्थिति रहेको थियो । केन्द्रीय उपाध्यक्ष अनिल कुमार अनिल, महासचिव रामजी प्रसाद साह, केन्द्रीय सदस्य राजकुमार साह, धनुषा जिल्ला अध्यक्ष श्याम साह, लक्ष्मण साह लगायतको उपस्थिति रहेको थियो ।

# तिलावे नदीमा बेपत्ता किशोर मृत फेला

**म्धेशदृष्टि**
**वीरगंज ।**
पर्साको तिलावे नदीमा बेपत्ता भएका किशोर मृत अवस्थामा फेला परेका छन् । झण्डै तीस घण्टा पछाडि बेपत्ता समीर देवान मृत अवस्थामा फेला परेको हुन् ।

बहुदरमाइ मन्दिर नजिकै तिलावे नदीमा पौडी खेल्न गएका समिरको शव घटना स्थलबाट करिब ५ सय मिटर टाढा आइतबार अपरान्ह फेला परेको खोजी कार्यमा सहभागी सशस्त्र प्रहरी निरीक्षक विकास अधिकारीले बताए । बेपत्ता समीरको नेपाल प्रहरी र सशस्त्र प्रहरीले संयुक्तरुपमा खोजतलासमा जुटेको थियो ।

शनिबार बिहान साढे ११ बजेदेखि उनी बेपत्ता थिए । बेपत्ता भएदेखि नै सशस्त्र प्रहरीको टोली परिचालन गरी खोजी कार्य सुरु गरेको थियो । सशस्त्र प्रहरी बल पर्साका अनुसार समीरको खोजीका लागि ¥याफटिङ्ग टोली सहित पौडीबाजहरु समेत प्रयोग गरिएको थियो ।

१४ वर्षिय मृतक समीर बहुदरमाइ नगरपालिका वडा नम्बर २ निवासी असलम देवानका छोरा हुन् ।

# चार लाख बढीको सामान सहित ४ जना पक्राउ

**मधेश दृष्टि**
**रौतहट ।**
जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतको गस्ती टोलीले लाखौं बराबरको अवैध भारतीय सामान सहित ४ जनालाई पक्राउ गरेको छ । प्रहरी गस्ति टोलीले विभिन्न समय र स्थानबाट भन्सार छली, चोरी निकासीको चार लाख एकईस हजार पाँच सय नब्बे रुपैयाँ बराबरको सामान सहित ४ जनालाई पक्राउ गरेको हो । जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीका अनुसार १ लाख ४१ हजार ९०० बराबरको लत्तकपडा, ७७ हजार, ६ सय ९० को किराना खाद्यान, २ लाख २० हजारको ४ थान मोटरसाईकल सहित चारै जनालाई आवश्यक कारबाहीका लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाईएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन